**धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको।**

HIMALAYAN MUTUAL FUND

# हिमालयन म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

# हिमालयन ८०-२०

## (HIMALAYAN 80-20)

## बन्दमुखी योजना

**को**

## विवरण पुस्तिका

(सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) को नियम २४ को व्यवस्था बमोजिम जारी गरिएको)

प्रति इकाई अंकित मूल्य रु १०/– दरको १०,००,००,००० (अक्षरेपी दश करोड) इकाई ले हुन आउने कुल रकम रु.१,००,००,००,००० (अक्षरेपी एक अर्ब रुपैंया मात्र) मध्ये न्यूनतम १,५०,००,००० (अक्षरेपी एक करोड पचास लाख) इकाई वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई कोष प्रवर्द्धक श्री हिमालयन बैंक लिमिटेडलाई सुरक्षित राखी बाँकी न्यूनतम ८,५०,००,००० (अक्षरेपी आठ करोड पचास लाख) इकाई यस विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिनेछ।

| | | |
|---|---|---|
| **योजनाको नाम** | : | **हिमालयन ८०-२० (HIMALAYAN 80-20)** |
| **योजनाको किसिम** | : | **बन्दमुखी।** |
| **योजनाको अवधि** | : | **१० वर्ष।** |
| **योजना परिपक्व हुने मिति/अवधि** | : | **इकाई बाँडफाँड भएको मितिले १० वर्ष।** |

**कोष प्रवर्द्धक तथा योजना व्यवस्थापकको रेटिङ्ग गर्ने कम्पनी**

**कोष प्रवर्द्धकको रेटिङ्ग** :केयर रेटिङ्ग नेपाल लिमिटेडले मिति २०८०/०२/२४ मा [CARE-NP] A- (Is) [Single A Minus (Issuer)] ग्रेडिङ्ग प्रदान गरेको छ जसले: Adequate degree of safety regarding timely servicing of financial obligation, in Nepal & low credit risk जनाउँदछ। उक्त क्रेडिट रेटिङ्ग मिति २०८१/०२/२३ (तदनुसार जुन ६, २०२४) सम्म रहनेछ।

**योजना व्यवस्थापकको रेटिङ्ग:** इक्रा नेपाल लिमिटेड बाट योजना व्यवस्थापकको लागि रेटिङ्ग "ICRA NP Asset Management Company Quality Three" [ICRANP] AMC Quality 3 (AMC3) प्राप्त गरेको छ। उक्त रेटिङ्गले Adequate Assurance on the Management Quality लाई जनाउँदछ। यो मिति २०७९/०८/१२ (तदनुसार नोभेम्बर २८,२०२२) गते प्राप्त भएको र यसको बैधता मिति २०८०/०८/११ (तदनुसार नोभेम्बर २७,२०२३) सम्म रहने छ।

| | | |
|---|---|---|
| **नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति** | : | **२०८०/०३/१९** |
| **इकाई बिक्री खुल्ला हुने मिति** | : | **२०८०/०४/३२** |
| **इकाई बिक्री बन्द हुने मिति (छिटोमा)** | : | **२०८०/०५/०४ (बैंकिङ्ग समय पश्चात)।** |
| **इकाई बिक्री बन्द हुने मिति (ढिलोमा)** | : | **२०८०/०५/१५ (बैंकिङ्ग समय पश्चात)।** |
| **आवेदन दिनुपर्ने न्यूनतम इकाई संख्या** | : | **१०० (एक सय) इकाई।** |
| **आवेदन दिन पाउने अधिकतम इकाई संख्या** | : | **१,००,००,००० (एक करोड) इकाई।** |
| **आवेदन साथ भुक्तानी गर्नुपर्ने रकम** | : | **प्रति इकाई अंकित मूल्य रु १०/- का दरले शतप्रतिशत।** |

| **कोष प्रवर्द्धक** | **योजना व्यवस्थापक/निष्काशन/बिक्री प्रवन्धक तथा डिपोजिटरी कार्य आफै गर्ने** |
|---|---|
| HBL Himalayan Bank Ltd. | हिमालयन क्यापिटल लि. Himalayan Capital A Wholly Owned Subsidiary of Himalayan Bank Limited |
| **हिमालयन बैंक लिमिटेड** | **हिमालयन क्यापिटल लिमिटेड** |
| पो.व.नं. २०५९०, कमलादी, काठमाण्डौं, | पो.व.नं. ४५१८, त्रिदेबीमार्ग, ठमेल, काठमाण्डौं, |
| फोन नं:०१-४२२७७४९/०१-४२४६२१८ | फोन नं: ०१-५५५८३४५/५३६३१४७ |
| ईमेल : himal@himalayanbank.com | ईमेल : info@himalayancapital.com |
| वेभ साईट : www.himalayanbank.com | वेभ साईट : www.himalayancapital.com |

| **कोष सुपरिवेक्षक :** | |
|---|---|
| **१.** | **श्री राजिव कुमार गिरी - एम.बि.ए** - विभिन्न बैंक तथा वित्तिय संस्थाहरुमा ३६ वर्ष भन्दा बढीको अनुभव। ठेगानाः हाडिगाँउ, काठमाण्डौं। |
| **२.** | **श्री लक्ष्मण बहादुर बस्नेत - एम.बि.ए/एम.पि.ए** - नेपाल सरकार को विभिन्न निकायहरुमा ३८ वर्ष भन्दा बढीको अनुभव। ठेगानाः सिनामंगल, काठमाण्डौं। |
| **३.** | **श्री राज कुमार भट्टराई - पि.एच.डि, एम.बि.ए.**- विभिन्न शैक्षिक संस्थाहरुमा ३० वर्ष भन्दा बढीको अनुभव। ठेगानाः बुढानिलकण्ठ, काठमाण्डौं। |
| **४.** | **श्री टिका राम रिजाल - एल.एल.एम (वाणिज्य कानून)** - कानुनी व्यवसायमा ३० वर्ष भन्दा बढीको अनुभव। ठेगानाः कीर्तिपुर, काठमाण्डौं। |
| **५.** | **श्री विकाश काबरिया- सि.ए, सि.एफ.ए** -विभिन्न संस्थाहरुमा १० वर्ष भन्दा बढीको अनुभव। ठेगानाः मैतिदेवि, काठमाण्डौं। |

**"यस विवरण पुस्तिकाले योजनाको गुणस्तर वा प्रतिफलको निश्चितताको प्रत्याभूति गर्दैन र कृपया लगानी गर्नु भन्दा अगाडी विवरण पुस्तिका राम्रोसँग पढ्नु होला।"**

## २.१ विषय सूची


| क्र.स. | विवरण | पृष्ठ नं. |
|---|---|---|
| **२.२** | विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा | ३ |
| **२.३** | विवरण पुस्तिका तथा निवेदन प्राप्त गर्ने र निवेदन बुझाउने स्थानहरु | ३ |
| **२.४** | विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा | ३ |
| **३** | **उद्घघोषण** | **४** |
| **३.१** | नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण | ४ |
| **३.२** | कोष प्रबर्द्धकको उद्घोषण | ४ |
| **३.३** | योजना व्यवस्थापकको उद्घोषण | ४ |
| **३.४** | कोष सुपरिवेक्षकको उद्घोषण | ४ |
| **४** | **योजना सम्बन्धी संक्षिप्त जानकारी** | **५** |
| **५** | **कोष प्रबर्द्धक सम्बन्धी जानकारी** | **७** |
| **५.१** | कोष प्रबर्द्धकको नाम | ७ |
| **५.२** | योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत | ७ |
| **५.३** | कोष प्रबर्द्धक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण | ७ |
| **५.४** | कोष प्रबर्द्धकको संक्षिप्त इतिहास | ७ |
| **५.५** | कोष प्रबर्द्धकका प्रमुख उद्देश्यहरु | ८ |
| **५.६** | कोष प्रबर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (EPS) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण | ८ |
| **६** | **योजना व्यवस्थापक सम्बन्धी विवरण** | **१५** |
| **६.१** | योजना व्यवस्थापकको परिचय | १५ |
| **६.२** | योजना व्यवस्थापकको भावी योजना तथा रणनीति | १६ |
| **६.३** | योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था | २० |
| **६.४** | योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी | २० |
| **६.५** | योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी | २० |
| **६.६** | योजना व्यवस्थापकको कर्मचारी सम्बन्धी जानकारी | २२ |
| **६.७** | योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण | २३ |
| **६.८** | योजना व्यवस्थापकको लेखा नीति सम्बन्धी व्यवस्था | २६ |
| **६.९** | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | २६ |
| **६.१०** | योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सोको विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सो सम्बन्धी विवरण | २७ |
| **६.११** | यो योजना भन्दा अगाडिको योजनाको खुद सम्पत्ति मूल्य (नेट एसेट भ्यालु) सम्बन्धी विवरण | २७ |
| **६.१२** | योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग संकेत | २७ |

| | | |
|---|---|---|
| **७** | **कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगको सम्झौता सम्बन्धी विवरण** | **२७** |
| ७.१ | कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता | २७ |
| ७.२ | कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी | २७ |
| ७.३ | योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका | २९ |
| ७.४ | कोष प्रबर्द्धक र कोष सुपरिवेक्षक बीचको सम्झौताका मुख्य-मुख्य बुँदाहरु | २९ |
| **८** | **योजना सम्बन्धी जानकारी** | **३१** |
| ८.१ | योजना सम्बन्धी विवरण | ३१ |
| ८.२ | योजनाको उद्देश्य | ३१ |
| ८.३ | योजनाले लगानी गर्ने क्षेत्र | ३१ |
| ८.४ | योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण | ३२ |
| ८.५ | योजनाको खर्च सम्बन्धी विवरण | ३६ |
| ८.६ | योजनाको मुनाफा वितरणको लक्ष्य | ३७ |
| ८.७ | लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने कर सम्बन्धी व्यवस्था | ३७ |
| ८.८ | योजनाका इकाईहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया | ३७ |
| ८.९ | खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था | ३७ |
| ८.१० | योजनामा अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा | ३८ |
| **९** | **इकाई निष्काशन सम्बन्धी विवरण** | **४१** |
| ९.१ | इकाई बिक्री खुला गरिने मिति तथा अवधि | ४१ |
| ९.२ | आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र) सम्बन्धी जानकारी | ४१ |
| ९.३ | आवेदन दिन सक्ने व्यक्ति तथा संस्थाहरु | ४१ |
| ९.४ | खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या | ४१ |
| ९.५ | इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था | ४१ |
| ९.६ | आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु | ४१ |
| **१०** | **इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा** | **४२** |
| **११** | **गुनासो सुन्ने र समाधान गर्ने प्रकृया** | **४३** |
| **१२** | **योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति** | **४४** |
| **१३** | **यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरुपूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत** | **४५** |
| **१४** | **लेखापरिक्षकद्धारा प्रक्षेपित बित्तिय विवरणको प्रमाणिकरण** | **४६** |

## २.२ विवरण पुस्तिकामा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

(क) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

(ख) **"ऐन"** भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्दछ।

(ग) **"नियमावली"** भन्नाले सामूहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) सम्झनु पर्दछ।

(घ) **"निर्देशिका"** भन्नाले सामूहिक लगानी कोष निर्देशिका, २०६९ सम्झनु पर्दछ।

(ङ) **"विवरण पुस्तिका"** भन्नाले इकाईको सार्वजनिक निष्काशन आह्वान गर्नुअघि योजनाको सम्बन्धमा सम्भावित लगानीकर्तालाई जानकारी प्रदान गर्ने प्रयोजनका लागि निर्देशिका बमोजिम प्रकाशन गरिने विवरण पुस्तिका सम्झनु पर्दछ।

(च) **"कोष प्रबर्द्धक"** भन्नाले हिमालयन बैंक लिमिटेडलाई सम्झनु पर्दछ।

(छ) **"योजना व्यवस्थापक"** भन्नाले हिमालयन क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ।

(ज) **"योजना"** भन्नाले नियमावलीको नियम २४ बमोजिम बोर्डबाट स्वीकृती प्राप्त योजना (Scheme) सम्झनु पर्दछ।

(झ) **"कोष सुपरिवेक्षक"** भन्नाले नियमावलीको व्यवस्था बमोजिम हिमालयन म्यूचुअल फण्डको सुपरिवेक्षणका लागि बोर्डबाट स्वीकृति प्राप्त गरी कोष प्रबर्द्धकबाट नियुक्त व्यक्तिहरुको समूहलाई सम्झनु पर्दछ।

(ञ) **"डिपोजिटरी"** भन्नाले योजना अन्तर्गतका इकाईधनीहरुको रेकर्ड राख्ने, इकाई नामसारी सम्बन्धी कार्य गर्ने, योजनाको लगानीको प्रतिफल प्राप्त गरी सोको रेकर्ड राख्ने, इकाईधनीहरुलाई लाभांश वितरण गर्ने जस्ता नियमावलीले तोकेको कार्य गर्ने अनुमति प्राप्त हिमालयन क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ।

(ट) **"निष्काशन बैंक"** भन्नाले इकाईको सार्वजनिक निष्काशन तथा बिक्रीबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएका "क" वर्गको बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई सम्झनु पर्दछ।

(ठ) **"संकलन केन्द्र"** भन्नाले इकाईको सार्वजनिक रुपमा निष्काशन तथा बिक्रीका लागि आवेदन फाराम बुझ्ने आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुलाई सम्झनु पर्दछ।

(ड) **"इकाई"** भन्नाले योजना अन्तर्गत निष्काशन गरिने धितोपत्रको इकाई सम्झनु पर्दछ।

(ढ) **"बन्दमुखी योजना"** भन्नाले समयावधि तोकी सञ्चालन गरिने योजना सम्झनु पर्दछ।

(ण) **"खुद सम्पत्ती मूल्य"** भन्नाले योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको कुल सम्पत्ति र सोमा प्राप्त गर्नुपर्ने प्रतिफल तथा अन्य आय जोडी दायित्व तथा अपलेखन नगरिएका स्थगन तथा विविध खर्च कट्टा गरी आउने कुल सम्पत्ति मूल्य (नेट एसेट्स भ्यालू) लाई सम्झनु पर्छ।

## २.३ विवरण पुस्तिका तथा निवेदन प्राप्त गर्ने र निवेदन बुझाउने स्थानहरु :

### (क) विवरण पुस्तिका प्राप्त गर्ने स्थान :

| क्र.सं. | कम्पनीको नाम तथा ठेगाना |
|---|---|
| १. | हिमालयन क्यपिटल लिमिटेड, त्रिदेवि मार्ग, ठमेल, काठमाण्डौं। |
| २. | योजना व्यवस्थापक हिमालयन क्यापिटल लिमिटेडको वेभ साइटः www.himalayancapital.com बाट Download गरि हेर्न सकिने छ। |
| ३. | हिमालयन बैंक लिमिटेड, कमलादी, काठमाण्डौं। |
| ४. | कोष प्रबर्द्धक, हिमालयन बैंक लिमिटेडको वेभसाइटः www.himalayanbank.com बाट Download गरि हेर्न सकिने छ। |
| ५. | नेपाल धितोपत्र बोर्डको वेभ साइटःhttp://sebon.gov.np/prospectus बाट Download गरि हेर्न सकिने छ। |

### (ख) दरखास्त फारम प्रप्त गर्ने र बुझाउने स्थानहरु :

| क्र.सं. | कम्पनीको नाम तथा ठेगाना |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुबाट (C-ASBA) प्रणाली मार्फत वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्धरा संचालित अनलाइन सफ्टवेयर "मेरोशेयर" प्रणाली मार्फत आवेदन दिन सकिने छ। |

## २.४ विवरण पुस्तिकामा उल्लेखित विवरणहरुको सत्यता तथा लगानीकर्ताको दायित्व सम्बन्धमा :

यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सहभागीहरुको जानकारीको लागि प्रचलित ऐन तथा नियमावली बमोजिम तयार गरी बोर्डबाट स्वीकृत भएको हो। यसबाट योजनामा सहभागी हुन चाहने जो कोहीले योजनामा सहभागी हुनु भन्दा अगाडी नै योजनाबारे जानकारी प्राप्त गर्न सक्नेछन्। यो विवरण पुस्तिका बोर्डबाट स्वीकृत भए तापनि यसको राम्रोसँग अध्ययन गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ। विवरण पुस्तिका प्रकाशित भए पश्चात् निष्काशन खुला हुनुअघि वा सो अवधिमा यस विवरण पुस्तिकामा कुनै प्रकारको परिवर्तन भएमा सो को सार्वजनिक रुपमा जानकारी गराइनेछ।

## ३. उद्घघोषण :

### ३.१ नियमन निकायको जवाफदेहिता नरहने उद्घघोषण :

इकाई सार्वजनिक निष्काशन गर्नका लागि तयार गरिएको यस विवरण पुस्तिकालाई धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी प्रदान गरिएको स्वीकृतिले विवरण पुस्तिकामा उल्लेखित कुराको सत्यता वा योजना व्यवस्थापक वा योजनाको आर्थिक सक्षमताको बारेमा बोर्डले कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

### ३.२ कोष प्रबर्द्धकको उद्घघोषण :

प्रचलित कानून वमोजिम योजना व्यवस्थापकले तयार गरेको यस योजना कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृतिमा सञ्चालनमा आउनेछ। कोष सुपरिवेक्षक तथा योजना व्यवस्थापकको सञ्चालक समितिमा कोष प्रबर्द्धकको प्रतिनिधि सञ्चालक मार्फत योजनाको व्यवसायिक तथा नियम संगत व्यवस्थापनमा कोष प्रबर्द्धकको सहभागिता रहनेछ। कोष प्रबर्द्धकले यस योजनाले बिक्री गर्ने कुल इकाई रकमको न्युनतम १५ प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्नेछ। विवरण पुस्तिकामा समावेश विवरण सत्य तथ्य रहेका छन्।

### ३.३ योजना व्यवस्थापकको उद्घघोषण :

यो विवरण पुस्तिकामा योजना सम्बन्धी जानकारीहरु उल्लेख गरिएको छ। यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु सत्य तथ्ययुक्त रहेका छन्। यस विवरण पुस्तिकामा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामुहिक रुपमा जवाफदेहिता वहन गर्दछौं। यस विवरण पुस्तिका तयार गर्दा प्रचलित ऐन/नियमको पालना गरिएको छ। लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

### ३.४ कोष सुपरिवेक्षकको उद्घघोषण :

यस विवरण पुस्तिकामा हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यसमा समावेश गरिएका सामग्री जस्तै वित्तीय विवरण, योजना व्यवस्थापक, कोष सुपरिवेक्षक आदी सम्बन्धी विवरण तथा जानकारीहरु सत्यतथ्य रहेका छन्। यस विवरण पुस्तिकामा उल्लेख गरिएका विवरणहरु स्पष्ट तथा पर्याप्त मात्रामा राखिएको छ र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौ।

## ४. योजना सम्बन्धी संक्षिप्त जानकारी :

यस योजनाले सूचिकृत कम्पनीहरुमध्ये उच्च वृद्धि हुने सम्भावना भएका तथा उत्कृष्ट प्रतिफल दिने कम्पनीहरुमा लगानी गर्ने उद्देश्य रहेको तथा बजारको वर्तमान अवस्था अध्ययन गरी तथा भविष्यमा हुन सक्ने परिस्थितिलाई मध्यनजर गरी आफ्नो पोर्टफोलियोको जोखिमयुक्त लगानी तथा स्थीर आय उपकरणको समयानुकुल अनुसार समिश्रण गरि उच्च प्रतिफल दिने यो योजनाको लक्ष्य रहेको छ।

| | | |
|---|---|---|
| ४.१ | क. योजनाको नाम | **हिमालयन ८०-२०** (HIMALAYAN 80-20) |
| | ख. योजनाको आकार | रु. १,००,००,००,०००/- (रु.एक अर्ब) |
| | ग. योजनाको प्रकार | बन्दमुखी (Close-ended) |
| ४.२ | क. निष्काशन गर्न लागिएको इकाई संख्या | १०,००,००,००० (दश करोड) |
| | ख. प्रति इकाई मूल्य | रु.१०/- (अक्षेरेपी दश मात्र) |
| | ग. न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या | न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या ५,००,००,००० (पाँच करोड) । सामुहिक लगानी कोष निर्देशिका, २०६९ को दफा १५(३) बमोजिम न्यूनतम संख्यामा इकाई बिक्री नभएमा उक्त योजना खारेज गरी पन्ध्र दिन भित्र निवेदकहरुको रकम फिर्ता गर्न भुक्तानी प्रकृया शुरु गरिनेछ। |
| | घ. अधिकतम सकारिने इकाई संख्या | १२,५०,००,००० (बाह्र करोड पचास लाख) |
| | ङ. योजनाको अवधि | १० वर्ष |
| | च. योजना परिपक्व हुने मिति/अवधि | योजनाको इकाई बाँडफाँड भएको मितिले १० वर्ष (उक्त अवधि पश्चात् योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी इकाई धनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानून बमोजिम वितरण गरिने) । |
| | छ. योजना बिक्री खुल्ला हुने मिति | २०७९/०४/३२ गते (बैंकिङ्ग समय पश्चात) । |
| | ज. योजना बिक्री बन्द हुने मिति (छिटोमा) | २०७९/०५/०४ गते (बैंकिङ्ग समय पश्चात) । |
| | झ. योजना बिक्री बन्द हुने मिति (ढिलोमा) | २०७९/०५/१५ गते (बैंकिङ्ग समय पश्चात) । |
| | ञ. इकाई बिक्री केन्द्रहरु | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) तथा सि-आस्वा (C-ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरु । |
| | ट. खरिद गर्नुपर्ने न्यूनतम इकाई संख्या | १०० (एक सय) |
| | ठ. खरिद गर्न सकिने अधिकतम इकाई संख्या | १,००,००,००० (एक करोड इकाई ) |
| | ड. इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था | इकाई बिक्रीका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँड गरिनेछ। |
| | ढ. सूचीकरण तथा दोस्रो बजार कारोवारको व्यवस्था | निष्काशन गरिएको योजनाको इकाईहरु बाँडफाँड पश्चात धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधी भित्र दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेड मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड मा दर्ता गराई इकाई खरिद/बिक्रीको व्यवस्था मिलाइने छ। |
| ४.३ | खुलामुखी योजनाको हकमा इकाई बिक्री तथा पुनर्खरिद स्थान तथा कारोवार समय र इकाई बिक्री तथा पुर्नखरीद गर्दा लाग्ने प्रवेश तथा वर्हिगमन शुल्क सम्बन्धी जानकारी | यो योजना खुलामुखी योजना नभई बन्दमुखी (Close-ended) योजना भएकोले सो लागु नहुने । |
| ४.४ | योजनाको मुनाफा वितरणको लक्ष्य | योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ। खुद मुनाफाबाट मुनाफा वितरण कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (Retained Earning) पुनःलगानी गरिने छ। |

| | | |
|---|---|---|
| ४.५ | इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु | नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैरआवासीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्ने । |
| ४.६ | योजना व्यवस्थापक सम्बन्धी विवरण | |
| | क. नाम | हिमालयन क्यापिटल लिमिटेड । |
| | ख. ठेगाना | त्रिदेवि मार्ग, ठमेल, काठमाण्डौं । |
| | ग. स्थापित ऐन : | कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको । |
| | घ. दर्ता मिति : | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०७६/०२/०७ (दर्ता नं. १८९२९८/७४/०७५) |
| | ङ. नेपाल धितोपत्र बोर्डबाट कोष व्यवस्थापकको अनुमति प्राप्त मिति : | २०७८/०४/१८ |
| ४.७ | योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना | आर.टी एण्ड एसोसिएट्स चार्टड एकाउन्टेन्ट, काठमाण्डौं, ३२ नेपाल । |
| ४.८ | कोष सुपरिवेक्षकको नाम तथा ठेगाना | १) श्री राजिव कुमार गिरी, हाडिगाँउ, काठमाण्डौं ।<br>२) श्री लक्ष्मण बहादुर बस्नेत, सिनामंगल, काठमाण्डौं ।<br>३) श्री राज कुमार भट्टराई, बुढानिलकण्ठ, काठमाण्डौं ।<br>४) श्री टिका राम रिजाल, कीर्तिपुर, काठमाण्डौं ।<br>५) श्री विकाश काबरिया, मैतिदेवि, काठमाण्डौं । |
| ४.९ | रेटिङ्ग गरिएको भए रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत | रेटिङ्ग कम्पनी : इक्रा नेपाल लिमिटेड/केयर रेटिङ्ग नेपाल |
| | | **कोष प्रबर्द्धक : हिमालयन बैंक लिमिटेड** ।<br>केयर रेटिङ्ग नेपाल लिमिटेडले मिति २०८०/०२/२४ मा [CARE-NP] A- (Is) [Single A Minus (Issuer)] ग्रेडिङ्ग प्रदान गरेको छ जसलेः Adequate degree of safety regarding timely servicing of financial obligation in Nepal & low credit risk जनाउँदछ। उक्त क्रेडिट रेटिङ्ग मिति २०८१/०२/२३ (तदनुसार जुन ६, २०२४) सम्म कायम रहनेछ।<br>**योजना व्यवस्थापक : हिमालयन क्यापिटल लिमिटेड ।**<br>इक्रा नेपाल लिमिटेड बाट योजना व्यवस्थापकको लागि रेटिङ्ग "ICRA NP Asset Management Company Quality Three" [ICRANP] AMC Quality 3 (AMC3) प्राप्त गरेको छ । उक्त रेटिङ्गले Adequate Assurance on the Management Quality लाई जनाउँदछ। यो मिति २०७९/०८/१२ (तदनुसार नोभेम्बर २८,२०२२) गते प्राप्त भएको र यसको बैधता मिति २०८०/०८/११ (तदनुसार नोभेम्बर २७,२०२३) सम्म रहने छ । |

| | | |
|---|---|---|
| ४.१० | लगानीका क्षेत्रहरु | नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधिनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ : <br>१. सूचीबद्ध/दर्ता भएको धितोपत्र । <br>२. सार्वजनिक निष्काशन भएको धितोपत्र । <br>३. धितोपत्र विनियम बजारमा सूचीकृत धितोपत्र । <br>४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी विल तथा मुद्रा बजारका अन्य साधनहरु । <br>५. बैंक निक्षेप । <br>६. मुद्रा बजार उपकरण । <br>७. बोर्डले तोकिदिएको अन्य क्षेत्र । |
| ४.११ | योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना | हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवि मार्ग, काठमाण्डौं । |
| ४.१२ | खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था | निर्देशिकाले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने र सो विवरण नियमावलीले व्यवस्था गरे वमोजिम सार्वजनिक गरिने छ । सो सम्बन्धी विस्तृत विवरण यस विवरण पुस्तिकाको वुंदा ८.९ (क) र (ख) मा उल्लेख गरिएको छ । |

## ५. कोष प्रबर्द्धक सम्बन्धी जानकारी :

### ५.१ कोष प्रबर्द्धकको नाम :

श्री हिमालयन बैंक लिमिटेड ।

### ५.२ योजना व्यवस्थापक कम्पनीमा शेयर स्वामित्वको प्रतिशत :

योजना व्यवस्थापक कम्पनीमा कोष पबर्द्धक, श्री हिमालयन बैंक लिमिटेडको शत् प्रतिशत शेयर स्वामित्व रहेको ।

### ५.३ कोष प्रबर्द्धक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण :

प्रचलित कम्पनी ऐन अन्तर्गत संस्थापित र सञ्चालित एवं बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार कारोवार गर्न इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंक ।

### ५.४ कोष प्रबर्द्धकको संक्षिप्त इतिहास :

क) हिमालयन बैंक लिमिटेड, प्रचलित कम्पनी कानून वमोजिम नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय मिति २०४८/११/०४ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०४८ साल फाल्गुण ६ गते नेपाल राष्ट्र बैंकबाट "क" वर्गको वित्तीय संस्थाको रुपमा वित्तीय कारोबार गर्न इजाजत प्राप्त गरि बैंकले आफ्नो वित्तीय कारोबार संचालन गरिरहेको छ ।

ख) हिमालयन बैंक लिमिटेको स्थापना १९९३ मा पाकिस्तानको हबिबि बैंक लिमिटेडसँग संयुक्त लगानिमा भएको र देशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकको स्थापना भएको हो । सो मुतािवक यसले आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्दै स्वदेशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुर्‍याउदै आएको छ । यस बैंकको संस्थापक तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा व्यवस्थापनमा लामो समयदेखि आवद्ध रहेका व्यक्तित्वहरु हुनुहुन्छ ।

ग) हिमालयन बैंक लिमिटेडले मिति २०७९/०२/३१ गतेसम्मको अद्यावधिक तथ्यांक अनुसार नेपाल राष्ट्र बैंकले स्वीकृत गरे बमोजिम नेपाल भर ७५ शाखाहरु मार्फत आफ्नो कारोबार संचालन गर्दै आएको छ ।

घ) हिमालयन बैंक लिमिटेडले केयर रेटिङ्ग नेपाल लिमिटेडले मिति २०८०/०२/२४ मा [CARE-NP] A- (Is) [Single A Minus (Issuer)] ग्रेडिङ्ग प्रदान गरेको छ जसले: Adequate Degree Of Safety Regarding Timely Servicing Of Financial Obligation In Nepal & Low Credit Risk जनाउँदछ । उक्त क्रेडिट रेटिङ्ग मिति २०८१/०२/२३ (तदनुसार जुन ६, २०२४) सम्म कायम रहनेछ ।

## ५.५ कोष प्रबर्द्धकका प्रमुख उद्देश्यहरु ः

नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय वमोजिम हुनेछ ः-

(१) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक-हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलव्ध गराउने,

(२) कृषि, उद्योग, सेवा, व्यापार तथा ब्यवसायिक रुपले सम्भाब्य देखिएका अन्य उत्पादनशील ब्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आन्तरिक तथा बाह्य स्रोतबाट आवश्यक वित्तीय साधन जुटाई देशको औद्योगिक, व्यापारिक, कृषि एवंम अन्य क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(३) उपलब्ध सीप, श्रम, तथा पूँजीको उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(४) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलव्ध गराउने ।

(५) अन्य लघुकर्जा कारोबार गर्ने बैंक, कम्पनी तथा वित्तीय संस्थाहरुको शेयर तथा डिवेन्चरहरु खरिद गर्ने, यस्ता शेयर डिवेन्चरहरुमा लगानी गर्ने तथा बैंकको हितलाई ध्यानमा राखी अन्य जुनसुकै आयमूलक क्षेत्र वा कार्यमा लगानी गर्ने तथा बैंकलाई आवश्यकता परिआएको बखत तोकिदिएको दरले प्रतिफल प्रदान गर्ने गरी अन्य शर्तहरु समेत किटान गरी सर्वसाधारण जनता, संगठित संस्था वा अन्य कुनै निकायलाई कुनै पनि प्रकारको अग्राधिकार शेयर, बण्ड, डिवेन्चर, नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति लिई निष्काशन गर्ने ।

(६) प्रचलित नेपाल कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशनका अधिनमा रहि सम्बन्धित निकायबाट आवश्यक स्वीकृति लिई निक्षेप सदस्य (DP) को रुपमा कार्य गर्ने ।

## ५.६ कोष प्रबर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरणः

हिमालयन बैंक लिमिटेडको विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

**समष्टिकृत वित्तीय विवरण**
**वासलात**

**(रु.हजारमा)**

| विवरण | समष्टिकृत | | | अपरिष्कृत** |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० (आषाढ मसान्त) |
| **सम्पत्ती** | | | | |
| नगद तथा नगद समान | ७,३४२,९२८ | ९,०४३,४५३ | ११,४५०,१५७ | १९,०८४,६४६ |
| नेपाल राष्ट्र बैंकम रहेको मौज्दात | १२,४०७,८१६ | ७,५३५,७०३ | ७,१३३,५६४ | २०,२५८,९६२ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ६,३४२,१७४ | ३,७८०,७४४ | ३,३२२,४०५ | ५,५१०,१३२ |
| व्युत्पन्न(डेरिभेटिभ) वित्तीय उपकरण | ११५,६२१ | ९२,६२९ | १७०,९६ | २९,८३७ |
| अन्य व्यापारिक सम्पत्तिहरु | ६,२०३ | ६,०३३ | ३,०७३ | - |
| बैंक तथा वित्तीय संस्थालाई प्रवाह गरेको कर्जा तथा सापटी | ४,९९८,०७५ | ६,०४५,८११ | ७,८५१,०२६ | १०,५८७,१५३ |
| ग्राहकलाई प्रवाह गरेको कर्जा तथा सापटी | १०१,७२८,४६७ | १२६,०१४,९६६ | १४७,०८२,५४४ | २३३,७९७,९४१ |
| धितोपत्रमा लगानी | १८,२६४,१०३ | २०,४७९,५५२ | ३१,९५७,१९८ | ३७,७८८,१०९ |
| चालु कर सम्पत्ति | ३५४,९८१ | ४२२,१८५ | ४६५,९१३ | ७०८,०१३ |
| सब्सिडरी (सहायक) कम्पनीमा लगानी | - | - | - | - |
| सम्बद्ध कम्पनीमा लगानी | १,२७४,९१० | १,३७८,४०५ | १,६२३,८९८ | १,६२२,१२० |

| विवरण | समष्टिकृत | | | अपरिष्कृत** |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० (आषाढ मसान्त) |
| लगानी सम्पत्तिहरु | ३७९,८०२ | ३७९,८०२ | २३९,०९६ | ५८९,१६४ |
| सम्पत्ति र उपकरण | २,४२०,४०१ | २,५२७,३३२ | ३,८२१,०४० | ४,३९८,७८६ |
| गुडवील (ख्याती) तथा अमुर्त सम्पत्ति | १५१,९५६ | २२३,२४१ | १९९,७९८ | १,४९९,६०५ |
| स्थगन कर सम्पत्ति | - | - | - | - |
| अन्य सम्पत्ति | १,१३०,३५१ | १,७२६,९९७ | २,४६६,०७५ | ५,४२१,९३५ |
| **जम्मा सम्पत्ति** | **१५६,९१७,७८८** | **१७९,६५६,८५३** | **२१७,६३२,८८३** | **३४०,९३६,४०२** |
| **दायित्वहरु** | | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी कर्जा/सापटी | ६,५९५,८६९ | ८,३६०,६४२ | ३,०६७,८७६ | ७,६४१,१७८ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | १५५,७३७ | ३,०२५,५९६ | १४,८०७,८९७ | ५२८,४४६ |
| डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरणहरु | ७५,५४३ | ५२,९३५ | २५,७३५ | ८,७९० |
| ग्राहकबाट निक्षेप दायित्व | १२५,०९६,९५४ | १४०,८४८,६१५ | १६८,१७७,१५९ | २७४,४३२,६२३ |
| सापटी | - | - | - | - |
| चालु कर दायित्व | - | - | - | - |
| व्यवस्था रकमहरु | - | - | - | - |
| स्थगन कर दायित्व | ९६,०३३ | ११५,८३८ | ९१,३२१ | १३,१९५ |
| अन्य दायित्व | ३,६६०,८५१ | ३,२१७,२०१ | ५,३०६,८८१ | १२,११२,१७७ |
| जारी गरिएको ऋणपत्र | २,५६३,६६२ | २,६९२,८०६ | २,६९३,५६५ | ८,३७९,६५२ |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | - | - | - | - |
| **कुल दायित्व** | **१३८,२४४,६४९** | **१५८,३१३,६३४** | **१९४,१७०,४३३** | **३०३,११६,०६०** |
| **पूँजी** | | | | |
| शेयर पूँजी | ९,३७२,२८१ | १०,६८४,४०१ | १२,९६८,७२६ | २१,६५६,६१६ |
| शेयर प्रिमियम | - | - | - | - |
| संचित मुनाफा | ३,५७९,६४८ | ४,१४४,१५७ | ४,०१५,६२७ | ९४७,४१६ |
| जगेडा | ५,७२१,२०९ | ६,५१४,६६१ | ६,४७८,०९६ | १४,९१४,३८० |
| **शेयरधनीहरुलाई बाँडफाँड योग्य कुल इक्विटी** | **१८,६७३,१३९** | **२१,३४३,२१९** | **२३,४६२,४४९** | **३७,५१८,४१२** |
| गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest) | - | - | - | ३०१,९२९ |
| **जम्मा पूँजी** | **१८,६७३,१३९** | **२१,३४३,२१९** | **२३,४६२,४४९** | **३७,८२०,३४१** |
| **जम्मा दायित्वहरु र पूँजी** | **१५६,९१७,७८८** | **१७९,६५६,८५३** | **२१७,६३२,८८३** | **३४०,९३६,४०२** |
| **संभावित दायित्व र संकल्प** | **३३,६९६,५१९** | **५१,८३९,९९५** | **४४,८६८,०६४** | **-** |
| **खुद सम्पत्ति प्रति शेयर** | **१९८.४५** | **१९९.७६** | **१८०.९२** | **१७३.२४** |

## नाफा नोक्सान हिसाव विवरण

**(रु.हजारमा)**

| विवरण | समष्टिकृत | | | अपरिष्कृत** |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० (आषाढ मसान्त) |
| ब्याज आम्दानी | १२,१८६,९०९ | १०,३८४,९७५ | १६,५८१,३२१ | २९,१०६,४०२ |
| ब्याज खर्च | ७,३४६,७३५ | ६,५७६,७१६ | ११६,६११,९३४ | १९,१७२,९८८ |
| **खुद ब्याज आम्दानी** | **४,८४०,१७४** | **३,८०८,२५८** | **४,९६९,३८७** | **९,९३३,४१४** |
| शुल्क तथा कमिशन आम्दानी | ७४८,०५९ | ७८९,९८१ | १,०३२,३३५ | १,१०२,६२० |
| शुल्क तथा कमिशन खर्च | ६२,१०३ | ८०,५४६ | १०५,४७९ | १३९,३०७ |
| **खुद शुल्क र कमिशन आम्दानी** | **६८५,९५६** | **७०९,४३४** | **९२६,८५७** | **९६३,३१३** |
| **खुद ब्याज, शुल्क र कमिशन आम्दानी** | **५,५२६,१३०** | **४,५१७,६९२** | **५,८९६,२४४** | **१०,८९६,७२७** |
| खुद व्यापारिक आम्दानी | ७६६,०९० | ६६७,०५३ | ५९३,३०९ | ३८२,५९९ |
| अन्य संचालन आम्दानी | ८८,६९१ | २,००४,६०३ | ११२,०८८ | २७८,८४९ |
| **जम्मा संचालन आम्दानी** | **६,३८०,९११** | **७,१८९,३४९** | **६,६०१,६४१** | **११,५५८,१७५** |
| कर्जामा सम्भावित क्षति प्रभार/(विपयर्य) तथा अन्य नोक्सानीहरु | ३०५,६२८ | १४४,८८५ | १,२८०,७८३ | २,१५६,१७१ |
| **खुद संचालन आम्दानी** | **६,०७५,२८२** | **७,०४४,४६४** | **५,३२०,८५८** | **९,४०२,००४** |
| **संचालन खर्च** | | | | |
| कर्मचारी खर्च | १,६५१,१२५ | १,८५९,५१२ | १,६२८,८२५ | २,३२८,७९२ |

| विवरण | समष्टिकृत | | | अपरिष्कृत** |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० (आषाढ मसान्त) |
| अन्य संचालन खर्च | ८८७,२३९ | ८९४,७३१ | ७८४,६५६ | १,०९७,५३९ |
| ह्रासकट्टी र परिशोधन | १८१,७७४ | १८७,८५५ | ३५६,७८० | ४८४,४८० |
| **संचालन मुनाफा** | **३,३५५,१४४** | **४,१०२,३६५** | **२,५५०,५९७** | **५,४९१,१९४** |
| गैर संचालन आम्दानी | ६२५,०८७ | ३५३,८२७ | १,११०,३३३ | ६,७९१ |
| गैर संचालन खर्च | २५१,२५६ | ६६,८९३ | १९,५०२ | १,०७०,४४७ |
| **आयकर अघिको मुनाफा** | **३,७२८,९७५** | **४,३८९,२९९** | **३,६४१,४२८** | **४,४२७,५३८** |
| आयकर खर्च | | | | |
| चालु कर | ९७९,२५१ | १,२८१,११३ | १०५६,५४० | १,३४९,२४१ |
| स्थगन कर | (७,५०१) | (१५,७४५) | (२५,५७७) | (१८७,८७०) |
| **यस अवधिको मुनाफा** | **२,७५७,२२५** | **३,१२३,९३१** | **२,६१०,४६५** | **३,२६६,१६८** |
| **नाफा बाँडफाँडः** | | | | |
| बैंकको शेयरधनी | २,७५७,२२५ | ३,१२३,९३१ | **२,६१०,४६५** | **३,२६६,१६८** |
| गैर नियन्त्रित स्वार्थ (Non Controlling interest) | - | - | | |
| **यस अवधिको मुनाफा** | **२,७५७,२२५** | **३,१२३,९३१** | **२,६१०,४६५** | **३,२६६,१६८** |
| **प्रतिशयर आम्दानी (रु.)** | | | | |
| आधारभूत प्रति शेयर आम्दानी (Basic EPS) | २९.४२ | २९.२४ | २०.१३ | १५.०९ |
| डाइलुटेड प्रति शेयर आम्दानी (Diluted EPS) | २९.४२ | २९.२४ | २०.१३ | १५.०९ |

## नाफा- नोक्सान हिसाब र अन्य बृहत आम्दानी हिसाब
**( Profit and Loss / Other Comprehensive Income)**

**(रु.हजारमा)**

| विवरण | समष्टिकृत | | | अपरिष्कृत** |
|---|---|---|---|---|
| | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० (आषाढ मसान्त) |
| **यस वर्षको नाफा नोक्सान** | **२,७५७,२२५** | **३,१२३,९३१** | **२,६१०,४६५** | **३,२६६,१६८** |
| आयकर पछिको अन्य बृहत आम्दानी | | | | |
| **क) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने** | | | | |
| फेयर भ्यालुमा मूल्याङ्कन गरिएको इक्विटी उपकरणका लगानी बाट भएका नाफा/ (नोक्सान) | **१५,४६५** | **७०,०७०** | **(५०,१९८)** | **९,२२८** |
| पुनः मूल्याङ्गनबाट भएका नाफा/(नोक्सान) | - | - | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | १९,४१६ | ७,८७० | १४,७५७ | ३०,१५१ |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | (४,६३९) | (२३,३८२) | १०,६३२ | (११,८१४) |
| **नाफा/(नोक्सान) मा वर्गिकरण नगरिने खुद अन्य बृहत आम्दानी** | **३०,२४२** | **५४,५५८** | **(२४,८०८)** | **२७,५६५** |
| **ख) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक** | | | | |
| हेजिङ्गबाट भएको नगद प्रवाहको नाफा/(नोक्सान) | - | - | - | - |
| सटाही नाफा/(नोक्सान)(विदेशी संचालनको वित्तय सम्पत्तिको रुपान्तरण भएको) | - | - | - | - |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | - | - | - | - |
| नाफा/(नोक्सान) मा पुनः वर्गिकरण | - | - | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक खुद अन्य बृहत आम्दानी** | | | | |
| **ग) इक्विटी तरिकाबाट लेखाङ्कित सहायक निकायको अन्य बृहत आम्दानी अंश** | - | - | - | - |
| यस बर्षको आयकर पसछको अन्य बृहत आम्दानी | **३०,२४२** | **५४,५५८** | **(२४,८०८)** | **२७,५६५** |
| **जम्मा बृहत आम्दानी** | **२,७८७,४६७** | **३,१७८,४८९** | **२,५८५,६५७** | **३,२९३,७३३** |
| **कुल बृहत आम्दानी बाँडफाँड** | | | | |
| बैंकको इक्विटी शेयरधनी | २,७८७,४६७ | ३,१७८,४८९ | २,५८५,६५७ | **३,२९३,७३३** |
| गैर नियन्त्रित स्वार्थ (Non Controllinmg Interest) | - | - | - | |
| **यस वर्षको जम्मा बृहत आम्दानी (Comprehensive Income)** | **२,७८७,४६७** | **३,१७८,४८९** | **२,५८५,६५७** | **३,२९३,७३३** |

## इक्युटीमा भएको परिवर्तन
## (Statement of Changes in Equity) समष्टिकृत

**(रु. हजारमा)**

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटाही घटबढ कोष | नियामक जगेडा कोष | फेयर भ्यालु कोष | पुर्नमूल्याङ्क कोष | सञ्चित नाफा | अन्य जगेडा | कुल रकम | नियन्त्रण नहुने स्वार्थ | जम्मा इक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १, २०७६ सालको मौज्दात** | ८,५२०,२५६ | - | ३,७३७,८३५ | ३९,०५६ | ८४४,३८३ | १६,३७३ | - | ३,०८३,५८५ | ६६६,६९४ | १६,९०८,१८१ | - | १६,९०८,१८१ |
| समायोजन/पुनःस्थापना | - | - | - | - | (४४,९८८) | - | - | - | ४४,९१० | (७८) | - | (७८) |
| **श्रावण १, २०७६ समायोजित/पुनःस्थापित मौज्दात** | **८,५२०,२५६** | **-** | **३,७३७,८३५** | **३९,०५६** | **७९९,३९५** | **१६,३७३** | **-** | **३,०८३,५८५** | **७११,६०३** | **१६,९०८,१०३** | **-** | **१६,९०८,१०३** |
| **यस बर्षको बृहत आम्दानी** | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **नाफा** | - | - | - | - | - | - | - | २,७५७,२२५ | - | २,७५७,२२५ | - | २,७५७,२२५ |
| **आयकर पश्चातको अन्य बृहत आम्दानी** | - | - | - | - | - | - | - | - | - | - | - | - |
| फेयर भ्यालुमा मूल्याङ्कन गरियका इक्विटी उपकरणमा लगानी बाट भएका नाफा/(नोक्सान) | - | - | - | - | - | १०,८२५ | - | - | - | १०,८२५ | - | १०,८२५ |
| पुनः मूल्याङ्कन बाट भएका नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| परिभाषित लाभ योजना बाट बिमाङ्किक नाफा/(नोक्सान) | - | - | - | - | १९,४१६ | - | - | - | - | १९,४१६ | - | १९,४१६ |
| नगत प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमय बाट भएको सटही नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको बृहत आम्दानी** | - | - | - | - | १९,४१६ | १०,८२५ | - | - | - | ३०,२४२ | - | ३०,२४२ |
| जगेडा कोष मा सारिएको रकम | | | ५१७,३९६ | | १२४,०९१ | - | - | (१,०३४,३७२) | ३९२,८८५ | - | - | - |
| जगेडा कोष बाट सारिएको रकम | - | - | - | - | - | - | - | ६४७,६६७ | (६४७,६६७) | - | - | - |
| **इक्विटीमा देखाईएको शेयरधनी सँगको कारोवार** | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयर निष्काशन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| नगद लाभांश शेयरधनी लाई भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बोनश शेयर निष्काशन | ८५२,०२६ | - | - | - | - | - | - | (८५२,०२६) | - | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | | (१,०२२,४३१) | - | (१,०२२,४३१) | - | (१,०२२,४३१) |
| अन्य | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **जम्मा योगदान तथा वाँडफाँड** | **८५२,०२६** | **-** | **-** | **-** | **-** | **-** | **-** | **(१,८७४,४५६)** | **-** | **(१,०२२,४३१)** | **-** | **(१,०२२,४३१)** |
| **आषाढ २०७७ को अन्त्य मौज्दात** | **९३,७२,२८१** | **-** | **४,२५५,२३१** | **३९,०५६** | **९४२,९०३** | **२७,१९८** | **-** | **३,५७९,६४८** | **४,५६,८२१** | **१८,६७३,१३९** | **-** | **१८,६७३,१३९** |
| **श्रावण १, २०७७ सालको मौज्दात** | ९३,७२,२८१ | - | ४,२५५,२३१ | ३९,०५६ | ९४२,९०३ | २७,१९८ | - | ३,५७९,६४८ | ४,५६,८२१ | १८,६७३,१३९ | - | १८,६७३,१३९ |
| समायोजन/पुनःस्थापना | - | - | - | - | - | - | - | ५३,९२७ | - | ५३,९२७ | - | ५३,९२७ |
| **श्रावण १, २०७७ समायोजित/पुनःस्थापित मौज्दात** | ९३,७२,२८१ | - | ४,२५५,२३१ | ३९,०५६ | ९४२,९०३ | २७१,९८ | - | ३,६३३,५७६ | ४५६,८२१ | १८,७२७,०६७ | - | १८,७२७,०६७ |

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटाही घटबढ कोष | नियामक जगेडा कोष | फेयर भ्यालु कोष | पुर्नमूल्याङ्क कोष | सञ्चित नाफा | अन्य जगेडा | कुल रकम | नियन्त्रण नहुने स्वार्थ | जम्मा इक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **यस बर्षको बृहत आम्दानी** | | | | | | | | | | | | |
| **नाफा** | - | - | - | - | - | - | - | ३,१२३,९३१ | - | ३,१२३,९३१ | - | ३,१२३,९३१ |
| **आयकर पश्चातको अन्य बृहत आम्दानी** | | | | | | | | | | | | |
| फेयर भ्यालुमा मूल्याङ्कन गरियका इक्विटी उपकरणमा लगानि बाट भएका नाफा/(नोक्सान) | - | - | - | - | - | ४९,०४९ | - | - | - | ४९,०४९ | - | ४९,०४९ |
| पुनः मूल्याङ्कन बाट भएका नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| परिभाषित लाभ योजना बाट बिमाङ्किक नाफा/( नोक्सान) | - | - | - | - | ५,५०९ | - | - | - | - | ५,५०९ | - | ५,५०९ |
| नगत प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमय बाट भएको सटही नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको बृहत आम्दानी** | - | - | - | - | **५,५०९** | **४९,०४९** | - | - | - | **५४,५५८** | **-** | **५४,५५८** |
| जगेडा कोष मा सारिएको रकम | - | - | ६०१,८५४ | - | - | - | - | (९९८,९६१) | ३९७,१०८ | - | - | - |
| जगेडा कोष बाट सारिएको रकम | - | - | - | - | (२४२,९६४) | - | - | २६०,०६८ | (१७,१०४) | - | - | - |
| **इक्विटीमा देखाईएको शेयरधनी सँगको कारोवार** | | | | | | | | | | | | |
| शेयर निष्काशण | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारित भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| नगद लाभांश शेयरधनी लाई भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बोनश शेयर निष्काशन | १,३१२,११९ | - | - | - | - | - | - | (१,३१२,११९) | - | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (५६२,३३७) | - | (५६२,३३७) | - | (५६२,३३७) |
| अन्य | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **जम्मा योगदान तथा वाँडफाँड** | **१,३१२,११९** | **-** | **-** | **-** | **-** | **-** | **-** | **(१,८७४,४५६)** | **-** | **(५६२,३३७)** | **-** | **(५६२,३३७)** |
| **आषाढ २०७८ को अन्त्य मौज्दात** | **१०,६८४,४०१** | **-** | **४,८५७,०८५** | **३९,०५६** | **७०५,४४९** | **७६,२४७** | **-** | **४,१४४,१५७** | **८३६,८२५** | **२१,३४३,२१९** | **-** | **२१,३४३,२१९** |
| **श्रावण १, २०७८ सालको मौज्दात** | **१०,६८४,४०१** | **-** | **४,८५७,०८५** | **३९,०५६** | **७०५,४४९** | **७६,२४७** | **-** | **४,१४४,१५७** | **८३६,८२५** | **२१,३४३,२१९** | **-** | **२१,३४३,२१९** |
| समायोजन/पुनःस्थापना | - | - | - | - | - | - | - | २७,२८२ | - | २७,२८२ | - | २७,२८२ |
| श्रावण १, २०७८ समायोजित/पुनःस्थापित मौज्दात | १०,६८४,४०१ | - | ४,८५७,०८५ | ३९,०५६ | ७०५,४४९ | ७६,२४७ | - | ४,१७१,४३८ | ८३६,८२५ | २१,३७०,५०१ | - | २१,३७०,५०१ |
| यस बर्षको बृहत आम्दानी | | | | | | | | | | | | |
| नाफा | - | - | - | - | - | - | - | २,६१०,४६५ | - | २,६१०,४६५ | - | २,६१०,४६५ |
| आयकर पश्चातको अन्य बृहत आम्दानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| फेयर भ्यालुमा मूल्याङ्कन गरियका इक्विटी उपकरणमा लगानी बाट भएका नाफा/(नोक्सान) | - | - | - | - | - | (३५,१३८) | - | - | - | (३५,१३८) | - | (३५,१३८) |
| पुनः मूल्याङ्कन बाट भएका नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सटाही घटबढ कोष | नियामक जगेडा कोष | फेयर भ्यालु कोष | पुर्नमूल्याङ्क कोष | सञ्चित नाफा | अन्य जगेडा | कुल रकम | नियन्त्रण नहुने स्वार्थ | जम्मा इक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| परिभाषित लाभ योजना बाट बिमाङ्किक नाफा/(नोक्सान) | - | - | - | - | १०,३३० | - | - | - | - | १०,३३० | - | १०,३३० |
| नगत प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमय बाट भएको सटही नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **यस वर्षको बृहत आम्दानी** | - | - | - | - | १०,३३० | (३५,१३८) | - | - | - | (२४,८०८) | - | (२४,८०८) |
| जगेडा कोष मा सारिएको रकम | - | - | ४७४,५०९ | - | ३१८,५४३ | - | - | (८३४,०५४) | ४१,००२ | - | - | - |
| जगेडा कोष बाट सारिएको रकम | - | - | - | - | (९८,९७५) | - | - | ८४५,७२२ | (७४६,८३६) | (८९) | - | (८९) |
| इक्विटीमा देखाईको शेयरधनी सँगको कारोवार | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयर निष्काशन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारीत भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| नगद लाभांश शेयरधनी लाई भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बोनश शेयर निष्काशन | २,२८४,३२५ | - | - | - | - | - | - | (२,२८४,३२५) | - | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (४९३,६१९) | - | (४९३,६१९) | - | (४९३,६१९) |
| अन्य | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **जम्मा योगदान तथा बाँडफाँड** | **२,२८४,३२५** | **-** | **-** | **-** | **-** | **-** | **-** | **(२,७७७,९४४)** | **-** | **(४९३,६१९)** | **-** | **(४९३,६१९)** |
| **आषाढ २०७९ को अन्त्य मौज्दात** | **१२,९६८,७२६** | **-** | **५,३३१,५९४** | **३९,०५६** | **९३५,३४७** | **४१,१०९** | **-** | **४,०१५,६२७** | **१३०,९९१** | **२३,४६२,४४९** | **-** | **२३,४६२,४४९** |
| **श्रावण १, २०७९ सालको मौज्दात** | **१२,९६८,७२६** | **-** | **५,३३१,५९४** | **३९,०५६** | **९३५,३४७** | **४१,१०९** | **-** | **४,०१५,६२७** | **१३०,९९१** | **२३,४६२,४४९** | **-** | **२३,४६२,४४९** |
| सिभिल बैंक लिमिटेडको समायोजन | ७,६५०,३९२ | - | १,३०१,७६० | २८,४०७ | १,५९७,२९९ | २३,८४५ | - | (१,८९६,६३६) | ३८०,६८२ | ९,०८५,७४९ | ३०५,७४२ | ९,३९१,४९१ |
| क्यापिटल रिर्जभ | - | - | - | - | - | - | - | - | १,८७९,२४४ | १,८७९,२४४ | - | १,८७९,२४४ |
| समायोजन/पुनःस्थापना | - | - | - | - | १,१५४,८९९ | - | - | ३२,२२६ | - | १,१८७,१२५ | - | १,१८७,१२५ |
| श्रावण १, २०७९ समायोजित/पुनःस्थापित मौज्दात | २०,६१९,११८ | - | ६,६३३,३५४ | ६७,४६३ | ३,६८७,५४४ | ६४,९५५ | - | २,१५१,२१८ | २,३९०,९१७ | ३५,६१४,५६८ | ३०५,७४२ | ३५,९२०,३१० |
| यस बर्षको बृहत आम्दानी | - | - | - | - | - | - | - | ३,३२२,०२३ | - | - | (३,८१३) | - |
| अन्य बृहत आम्दानी | - | - | - | - | - | ८,३१८ | - | २१,१०५ | - | २९,४२४ | - | २९,४२४ |
| **यस वर्षको बृहत आम्दानी** | - | - | - | - | - | - | - | ३,३४३,१२८ | - | ३,३४३,१२८ | (३,८१३) | ३,३३९,३१५ |
| शेयर निष्काशन | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयरमा आधारीत भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| नगद लाभांश शेयरधनी लाई भुक्तानी | - | - | - | - | - | - | - | - | - | - | - | - |
| बोनश शेयर निष्काशन | १,०३७,४९८ | - | - | - | - | - | - | (१,०३७,४९८) | - | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | - | - | - | (१,४४०,८२५) | - | (१,४४०,८२५) | - | (१,४४०,८२५) |
| अन्य | - | - | ६५३,२३४ | - | १,१४०,७७४ | - | - | (२,०६८,६०६) | २६७,८२२ | (६,७७७) | | (६,७७७) |
| **जम्मा योगदान तथा बाँडफाँड** | १,०३७,४९८ | - | ६५३,२३४ | - | १,१४०,७७४ | ८,३१८ | - | (१,२०३,८०२) | २६७,८२२ | १,९०३,८४४ | (३,८१३) | १,९००,०३१ |
| **(अपरिष्कृत****) आषाढ २०८० को अन्त्य मौज्दात** | **२१,६५६,६१६** | - | **७,२८६,५८७** | **६७,४६३** | **४,८२८,३१९** | **७३,२७३** | **-** | **९४७,४१६** | **२,६५८,७३८** | **३७,५१८,४१२** | **३०१,९२९** | **३७,८२०,३४१** |

## नगद प्रवाह विवरण

**(रु. हजारमा)**

| विवरण | समष्टिकृत | | | अपरिष्कृत |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० (आषाढ मसान्त) |
| **कारोबार संचालनबाट नगद प्रवाह** | | | | |
| ब्याज प्राप्ती | १०,७६४,३७३ | ९,६१९,८६७ | १४,५९३,५६५ | २४,७८४,२७७ |
| शुल्क तथा अन्य प्राप्ती | ७४८,८४४ | ७७८,६६१ | १,०१९,०३९ | १,१५३,७९५ |
| लाभांश प्राप्ती | - | - | १११० | - |
| अन्य संचालन गतिविधिबाट प्राप्ती | १,२६५,९२६ | ९२४,६५१ | ७३२,४०८ | ४८०,८८८ |
| ब्याज भुक्तानी | (६,७६३,६५३) | (६,४९४,९४६) | (१०,३९४,२२१) | (१८,४७९,३२४) |
| कमिशन तथा शुल्क भुक्तानी | (६२,१०३) | (८०,४७८) | (१०५,४६८) | (१५२,२३२) |
| कर्मचारीहरुलाई नगद भुक्तानी | (१,६४५,९३७) | (१,५९९,२१८) | (१७६६२३९) | (२,३५७,९२९) |
| अन्य खर्च भुक्तानी | (१,१३८,४९४) | (९१५,२४०) | (९२५,१८८) | (१,१३३,८१८) |
| **संचालन सम्पत्ति र दायित्वको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **३,१६८,९५५** | **२,२३३,२९६** | **३,१५५,००६** | **४,२९५,६५७** |
| **संचालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)** | | | | |
| नेपाल राष्ट्र बैंकमा बाँकी रकम | (७,५२४,२८१) | ४,८७२,११३ | ४०२,१३८ | (६,७२६,०५३) |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात | (३,४२०,४४८) | २,५६१,४३० | ४५८,३३९ | (९०३,६४८) |
| अन्य व्यापारिक सम्पत्ति | - | - | - | ३,०७३ |
| बैंक तथा वित्तीय संस्थाहरुलाई प्रवाह गरेको कर्जा तथा सापटी | (२२९,५५८) | (१,०७७,४४८) | (१,८१८,०८६) | १,०४९,३०९ |
| ग्राहकलाई प्रवाह गरेको कर्जा तथा सपटी | (९,०९८,१३६) | (२४,७२१,९४७) | (२१,५३२,७०३) | (३४३,६६१) |
| अन्य सम्पत्ति | (२५,८८०) | (५५८,२२०) | (६१,७०४) | (१,९०८,५७७) |
| **कुल संचालन सम्वन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)** | **(२०,२९८,३०३)** | **(१८,९२४,०७३)** | **(२२,५५२,०१५)** | **(८,८२९,५५८)** |
| **संचालनसम्वन्धी चालु दायित्वमा वृद्धि/(कमी)** | | | | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी | २,८९२,९५३ | १,७६४,७७३ | (५,२९२,७६६) | २,४४१,०११ |
| नेपाल राष्ट्र बैंक लाई तिर्न बाँकी | (४०५,०७५) | २,८६९,८५९ | ११,७८२,३०१ | (१८,८२३,९५१) |
| ग्राहकको निक्षेप दायित्व | १५,९१२,१५२ | १५,७५१,६६१ | २७,३२८,५४४ | १२,५८२,०३० |
| ऋण सापटी | - | - | - | (२,०८३,३८४) |
| अन्य दायित्व | ५७५,२५७ | (२५,९०३) | (२२२,९४२) | २,२५४,३५४ |
| **कुल संचालन सम्बन्धी चालु दायित्वमा वृद्धि/(कमी)** | **१८,९७५,२८७** | **२०,३६०,३९१** | **३३,५९५,१३७** | **(३,६२९,९३९)** |
| **आयकर अगाडीको कारोबार संचालनबाट खुद नगद प्रवाह** | **१,८४५,९३९** | **३,६६९,६१४** | **१४,१९८,१२७** | **(८,१६३,८४०)** |
| आयकर भुक्तानी | (१,१०८,७८७) | (१,३४८,३१७) | (१,१००,२६७) | (१,१४९,५३८) |
| **कारोबार संचालनबाट भएको खुद नगद प्रवाह** | **७३७,१५२** | **२,३२१,२९७** | **१३,०९७,८६०** | **(९,३१३,३७८)** |
| **लगानी कारोबार मा नगद प्रवाह** | | | | |
| धितोपत्र खरिद | (१६,५१८,०१२) | (२३,०८६,९०८) | (३९,४६३,१६२) | (२,९६७,८७७) |
| धितोपत्र बिक्रीबाट प्राप्ती | १४,६७०,१८६ | २२,९७१,४७७ | २८,२४१,११९ | १४,८२९,११४ |
| सम्पत्ति र उपकरणको खरिद | (१८४,६३३) | (२७०,०६१) | (२७५,५५१) | (५४९,५४९) |
| सम्पत्ति र उपकरणको बिक्रीबाट प्राप्ती | ९,६६० | १८,२१६ | २९,३०४ | - |
| अमूर्त सम्पत्तिको खरिद | (७०,५९५) | (११५,९५६) | (४३,३३३) | (१९४,७५६) |
| अमूर्त सम्पत्तिको बिक्रीबाट प्राप्ती | - | - | - | - |
| लगानी सम्पत्तिको खरिद | - | - | - | - |
| लगानी सम्पत्तिको बिक्रीबाट प्राप्ती | - | - | १४८,७७६ | ७,००० |
| ब्याज प्राप्ती | ९९२,७०३ | ८३९,०५३ | १,१६१,०८९ | २,८१७,०१९ |
| लाभांश प्राप्ती | ५८,९७९ | २४,८०४ | २५,०८६ | २४,९४३ |
| **लगानी कारोबारबाट भएको खूद नगद प्रवाह** | **(१,०४१,७११)** | **३८०,६२५** | **(१०,१७६,६७२)** | **१३,९६५,८९५** |
| **वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | | | - | - |
| ऋणपत्र निष्काशनबाट प्राप्ती | २,५६९,१०४ | - | - | २,५००,००० |
| ऋणपत्रको भुक्तानी | (६००,०००) | - | - | - |
| असुरक्षित सहायक आवधिक दायित्वको निष्काशनबाट प्राप्ती | - | - | - | - |
| असुरक्षित सहायक आवधिक दायित्वको भुक्तानी | - | - | - | - |
| शेयर निष्काशनबाट प्राप्ती | - | - | **(१८०,४५५)** | **(१,७८९,५४१)** |
| लाभांश भुक्तानी | (९५७,८०२) | (८५०,८१०) | (३०८,३५९) | (५४४,०५९) |
| ब्याज भुक्तानी | (३१७,९०७) | (१४३,१८५) | - | - |
| अन्य प्राप्ती/भुक्तानी | - | - | - | - |
| **वित्तीय श्रोत कारोबारबाट भएको खूद नगद प्रवाह** | **६९३,३९५** | **(९९३,९९५)** | **(४८८,८१४)** | **१६६,४००** |

| विवरण | समष्टिकृत | | | अपरिष्कृत |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० (आषाढ मसान्त) |
| **नगद प्रवाहमा भएको खुद वृद्धि/(कमी)** | **३८८,८३५** | **१,७०७,९२७** | **२,४३२,३७४** | **४,८१८,९१७** |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ६,९६८,०७४ | ७,३४२,९२८ | ९,०४३,४५३ | १४,२६८,९६८ |
| नगद तथा नगद समानमा विनिमय दरमा आए को परिवर्तनबाट भएको आम्दानी/खर्च | (१३,९८२) | (७,४०२) | (२५,६७०) | (३,२३८) |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **७,३४२,९२८** | **९,०४३,४५३** | **११,४५०,१५७** | **१९,०८४,६४६** |

**विगत तीन वर्षको प्रति शेयर आम्दानी (EPS) निम्नानुसार छ।**

| विवरण | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | अपरिष्कृत** आ.व.२०७९/८० |
|---|---|---|---|---|
| प्रति शेयर आम्दानी | **२९.४२** | **२९.२४** | **२०.१३** | **१५.०९** |

**विगत तीन वर्षको प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम छ।**

| विवरण | आ.व.२०७६/७७ समूह | आ.व.२०७७/७८ समूह | आ.व.२०७८/७९ समूह | आ.व.२०७९/८० समूह अपरिष्कृत** |
|---|---|---|---|---|
| चुक्ता पूँजी (रु.हजारमा) | ९,३७२,२८१ | १०,६८४,४०१ | १२,९६८,७२६ | २१,६५६,६१६ |
| शेयर प्रिमियम | - | - | - | - |
| संचित नाफा/नोक्सानी (रु.हजारमा) | ३,५७९,६४८ | ४,१४४,१५७ | ४,०१५,६२७ | ९४७,४१६ |
| जगेडा तथा कोषहरु (रु.हजारमा) | ५,७२१,२०९ | ६,५१४,६६१ | ६,४७८,०९६ | १४,९१४,३८० |
| **जम्मा नेटवर्थ (रु.)** | **१८,६७३,१३९** | **२१,३४३,२१९** | **२३,४६२,४४९** | **३७,५१८,४१२** |
| शेयर संख्या | ९३,७२३ | १०६,८४४ | १२९,६८७ | २१६,५६६ |
| प्रति शेयर नेटवर्थ (रु.) | १९८.४५ | १९९.७६ | १८०.९२ | १७३.२४ |
| प्रति शेयर आम्दानी | २९.४२ | २९.२४ | २०.१३ | १५.०९ |
| नेटवर्थमा प्रतिफल (%) | १४.८२% | १४.६४% | ११.१३ % | ८.७१ % |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १०० | १०० | १०० | १०० |

** साविक सिभिल बैंक लिमिटेडको प्राप्ती तथा आर्थिक वर्ष २०७९/८० समाप्त भई सकेको हुँदा सो आ.व. को अपरिष्कृत वित्तिय विवरण समावेस गरिएको।

## ६. योजना व्यवस्थापक सम्बन्धी विवरण ः

### ६.१ योजना व्यवस्थापकको परिचय ः

(क) योजना व्यवस्थापकको नाम ः हिमालयन क्यापिटल लिमिटेड।

(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण ः

योजना व्यवस्थापक, हिमालयन क्यापिटल लिमिटेड, कम्पनी ऐन, २०६३ अर्न्तगत मिति २०७६/०२/०७ मा दर्ता नं १८९२९८/७४/०७५ बाट दर्ता भई धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न मिति २०७६/०४/२६ मा अनुमति पत्र नं. ५० बाट अनुमति प्राप्त संस्था हो। साथै नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको रुपमा कार्य गर्न मिति २०७९/०४/१८ मा अनुमति प्राप्त गरेको हो।

(ग) योजना व्यवस्थापकको रजिष्टर्ड तथा कारोवार ठेगाना ः

रजिष्टर्ड ठेगाना ः काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, त्रिदेवि मार्ग, ठमेल, काठमाण्डौं।

(घ) योजना व्यवस्थापकको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास ः

हिमालयन क्यापिटल लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०२/०७ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनी हो। कम्पनीले धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डवाट मिति २०७६/०४/२६ मा अनुमतिपत्र प्राप्त गरी सोही मिति देखि मर्चेन्ट बैंकिङ्ग

सेवा प्रदान गर्दै आएको छ। श्री नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) को अनुमतीपत्र नं.५० प्राप्त गरेको छ र निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूती, शेयर रजिष्ट्रार, लगानी व्यवस्थापन, संस्थागत परामर्श सेवा सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०७६/०४/२६ गतेदेखि विधिवत रुपमा मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कारोवार प्रारम्भ भएको हो । श्री नेपाल धितोपत्र बोर्डबाट २०७६/०५/२४ गते निक्षेप सदस्यको दर्ता प्रमाणपत्र प्राप्त गरी २०७६/०६/०७ गते श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको निक्षेप सदस्यता हासिल गरी निक्षेप सदस्य सेवा प्रदान गर्न प्रारम्भ भएको हो । यस कम्पनीले मिति २०७९/०४/१८ मा नै नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमति समेत प्राप्त गरेको छ।

(ङ) योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु :

कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१) धितोपत्र सम्बन्धी कानून बमोजिमको सामुहिक लगानी कोष (म्यूचुअल फण्ड) को व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने।

२) धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही सम्बन्धित निकायको स्वीकृति लिई निष्काशन तथा प्रबन्धक, धितोपत्र प्रत्याभूति (अण्डरराईटर), शेयर रजिष्ट्रार, लगानी व्यवस्थापक, संस्थागत परामर्शदाता र अन्य धितोपत्र व्यवसाय सम्बन्धी कार्य गर्ने।

## ६.२ योजना व्यवस्थापकको भावी योजना तथा रणनीति :

(क) व्यवसाय/सेवा वृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :

हिमालयन क्यापिटल लिमिटेडले हिमालयन म्युचुअल फण्ड अर्न्तगतको योजनाहरु (बन्दमुखी तथा खुल्लामुखी) कम्पनीले बजारको अवस्था हेरी यस योजनाका अतिरिक्त अन्य विभिन्न योजनाहरु समेत संचालनमा ल्याउन सक्नेछ। बोर्डको अनुमति लिई धितोपत्र सम्बन्धी अन्य व्यवसायहरु गर्ने कम्पनीको योजना रहेको छ। कम्पनीले समय सापेक्ष आफ्नो प्रविधि सुधार गरी नेपाल भर आफनो सेवा विस्तार गर्ने तथा लगानी (इन्भेष्टमेन्ट)बैकिंङ्ग क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनीति लिएको छ। यस कम्पनीले मर्चेन्ट बैंकिङ्ग ब्यवसायको साथै लगानी ब्यवस्थापनको सबै क्षेत्रमा व्यवसायिक सेवा प्रदान गरेको छ जसलाई चाहिने दक्ष जनशक्ति र प्रशिक्षण तथा तालिमको समेत ब्यवस्था गरि गुणस्तरिय सेवा प्रदान गरिनेछ। तथा यस कम्पनीले संस्थागत परामर्शदाताको रुपमा कार्य समेत गर्दै आइरहेको छ।

कम्पनीको भावी रणनीति

१. कम्पनीले नियामक निकायबाट स्विकृति हासिल गरि सामुहिक लगानी कोष अन्तर्गतको प्रथम योजना हिमालयन ८०-२० संचालनमा ल्याई उचित व्यवस्थापन गर्नेछ।
२. यस आ.व.मा कम्पनीले खुल्लामुखि म्युचुअल फण्ड योजना सञ्चालनको लागि नियामक निकायबाट स्वीकृति हासिल गर्न हेतु योजना दर्ता गर्नेछ।
३. यस आ.व.मा कम्पनीले नियामक निकायबाट विशिष्टिकृत लगानी कोषको स्विकृति हासिल गरि प्राइभेट इक्विटि तथा भेञ्चर क्यापिटलका नवीनतम प्रकृतिका योजनाहरु सञ्चालन गर्ने रणनीति लिएको छ।
४. कम्पनीले यस आ.व.मा निष्कासन तथा बिक्रि प्रबन्धन अन्तर्गत वास्तविक क्षेत्रलाइ प्रतिनिधित्व गर्ने कम्पनीहरुको प्राथमिक सार्वजनिक निष्कासन सम्पन्न गर्नेछ।
५. कम्पनीले आफ्नो लगानी व्यवस्थापन सेवा अन्तर्गत समयसापेक्ष योजनाहरु संचालनमा ल्याउनेछ।
६. कम्पनीले प्रविधिको प्रयोग गरि आफ्नो ग्राहकहरुलाई सहज रुपमा, द्रुतगतिले गुणस्तरिय सेवा प्रदान गर्ने रणनीति लिएको छ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यवस्थापकको व्यवसायको भविष्य :

१. विद्यमान आर्थिक स्थिति :

रुस-युक्रेन युद्धका कारण विश्व अर्थतन्त्रमा देखिएको उच्च मुल्य बृद्धिको प्रभाव र कोभिड-१९ महामारीको असर क्रमश घट्दै जाँदा खपतको शृंखलाको पुनरुत्थानको भई आयातमा भएको उच्च बृद्धिको कारण गत आर्थिक बर्ष देखिनै नेपालको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ। बढ्दो आयात र स्थिर विप्रेषण आप्रवाहका कारण देशको बाह्य क्षेत्र असन्तुलित भई निक्षेप सिर्जनाको शृंखलामा अवरोध सिर्जना भयो जसको कारण बैंकिङ्ग क्षेत्रमा तरलताको संकुचन हुन गई लगानी योग्य रकमको अभाव सिर्जना भयो।

यसै परिस्थितिमा मुद्रास्फृतिको दर पनि उच्च हुँदा बाह्य क्षेत्र असन्तुलित भएर सम्पूर्ण अर्थतन्त्रमै समस्या आउन सक्ने स्थिति देखेर ब्याजदर उच्च बिन्दुमा कायम राखी आयात दुरुत्साहन गर्ने नीति राज्यले अंगिकार गर्दै गर्दा महामारीको समयमा न्युन बिन्दुमा रहेको र आर्थिक गतिविधि क्रमश बढ्दै जाँदा बढिरहेको ब्याजदरको वृद्धिदर अझै द्रुत भएर उच्च बिन्दुमा पुगी स्थापित भयो। तसर्थ तरलताको अभाव र महँगो ब्याजदरको दोहोरो मारको कारण उच्च बिन्दुमा रहेको नेप्से परिसूचक क्रमश घट्दै गएर न्युन बिन्दुमा रहेको छ।

यद्दपी राज्यले अंगिकार गरेको आयात प्रतिबन्धनात्मक नीति र ऋणको लागतमा वृद्धि (३१९ Basis Points)* को कारण कुल राष्ट्रिय आयात १९.९ प्रतिशत** (रु २२८.९१ अर्ब)ले घट्दा र विप्रेषण आप्रवाहमा पनि २७.१ प्रतिशत** (रु १४७.०२ अर्ब) ले वृद्धि भएर शोधनान्तर स्थिति रु.१३३.२ अर्बले ** बचतमा रहेको छ (रु ३८०.०२ अर्ब** को वृद्धि ) र चालु खाताको घाटा रु ३८१.७ अर्बले घटेर रु २९.६ अर्ब** मा सिमित भएको छ।

यसकारण राज्यको बैदेशिक विनिमय संचिति पनि १७.९३ प्रतिशतले** (रु २१०.०३ अर्ब) ले वृद्धि भई बाह्य क्षेत्रको सन्तुलन सुधारउन्मुख अवस्थामा रहेको, तरलता संकुचन केहि हदसम्म कम हुँदा (बैंक तथा वित्तीय संस्थाको औसत कर्जा निक्षेप अनुपात ८५ प्रतिशतको बिन्दु वरिपरी रहेको**) र निक्षेपको ब्याजदर पनि क्रमश घट्दै गएको ( १८ महिना पछि बैंक तथा वित्तीय संस्थाहरुको भारित औसत निक्षेप दरमा गिरावट आएको)** कारण पनि अर्थतन्त्रका सूचकहरु बलियो हुँदै गईरहेका छन।

तर तरलताको स्थिति क्रमश सहजीकरण हुँदै जाँदा पनि निक्षेपको वृद्धिदर अझै पनि मध्यमनै (१०.५ प्रतिशत**) रहेको छ जसले गर्दा निजि क्षेत्रलाई गएको कर्जा ४.६ प्रतिशत** मा सिमित छ, साथै खपतको शृंखलामा भएको अवरोधका कारण राजस्व संकलन मा समस्या सिर्जना भई पछिल्लो बर्षको तुलनामा कुल राजस्व जम्मा ८२.७ प्रतिशत** मात्र संकलन भएको छ जसले गर्दा सरकारको कुल आम्दानी पछिल्लो बर्षको जम्मा ८४.५ प्रतिशत** मात्रै भएको छ। यसले गर्दा सरकारको खर्चमा पनि ह्रास आएको छ र यस बर्षको कुल ग्राहस्थ्य उत्पादन वृद्धिको लक्ष्य हासिल गर्न असहज हुने परिस्थिति देखिन्छ। तर अन्ततगत्व नेप्से परिसूचकले निक्कै ठुलो गिरावट महसुस गरेर १,८०० को बिन्दुको माथि नै स्थापित भएको परिवेशमा, बजारको न्युनतम बिन्दु नजिक आइसकेको आंकलन गर्न सकिन्छ र अर्थतन्त्र बिस्तारै सुधार हुँदै जाँदाको यो समय दिर्घकालिन लगानीको लागि उपयुक्त हुन सक्ने देखिन्छ।

* आ.व. २०७७/७८ र आ.व. २०७८/८९ को तथ्यांकको आधारमा (श्रोतः नेपाल राष्ट्र बैंक)

** पछिल्लो आ.व. को ७ महिना र यो आ.व. को ७ महिना को तथ्यांकको आधारमा (श्रोतः नेपाल राष्ट्र बैंक)

२. प्रतिस्पर्धा, समान किसिमको उद्योगको स्थिति :

नेपालमा सामूहिक लगानी कोषहरुको विस्तार पछिल्लो दशकमा उच्च गतिशिल रहेको तथा धितोपत्र बजारमा नयाँ उपकरण र प्रविधिहरुको प्रयोग बढी रहँदा पूँजी बजारको आयतन बिस्तार हुँदै गएको वर्तमान अवस्थामा कोष व्यवस्थापन व्यवसायको भविष्य उज्जवल देखिएको छ। हाल नेपालमा सामूहिक लगानी कोष व्यवस्थापन सेवा प्रदान गर्न अनुमती प्राप्त कोष व्यवस्थापकहरु जम्मा १४ वटा रहेका छन। बजारमा हाल संचालनमा रहेका बन्दमुखी प्रकृतीका ३२ वटा योजना को कुल सम्पती बजार मुल्यमा रु. ३४.३८ अर्व रहेको छ र हालसम्म बजारमा रु ५.५ अर्ब बराबरका ७ वटा बन्दमुखी योजनाहरु परिपक्व भइसकेका छन। गत आर्थिक वर्ष २०७८/७९ मा कोष व्यवस्थापकहरुले रु.५.४ अर्ब बराबरको ५ वटा बन्दमुखी योजनाहरु संचालन गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृति पाएका थिए।

**सामूहिक लगानी योजना उद्योगको २०७९ चैत्रको दोश्रो हप्ता सम्मको आर्थिक स्थिति यस प्रकार रहेको छ।**

| योजनाको नाम | योजनाको प्रकार | योजनाको आकार | योजना परिपक्व हुने मिति | साप्ताहिक खुद सम्पति मूल्य | मासिक खुद सम्पति मूल्य |
|---|---|---|---|---|---|
| सिटिजन्स म्युचुअल फण्ड-२ | बन्दमुखी | ८२०,०००,००० | १९ फागुन २०८१ | ९.०७<br>१० चैत्र २०७९ | ९.४९<br>माघ २०७९ |
| सिटिजन्स म्युचुअल फण्ड-१ | बन्दमुखी | ५६०,०००,००० | २४ आषाढ २०८३ | ९.७७<br>१० चैत्र २०७९ | १०.३३<br>माघ २०७९ |
| ग्लोबल आइएमई ब्यालेन्स फण्ड १ | बन्दमुखी | १,०२५,७६३,६०० | १३ श्रावण २०८९ | ९.६१<br>१० चैत्र २०७९ | १०.३९<br>माघ २०७९ |
| कुमारी धनबृद्धि योजना | बन्दमुखी | १,२२५,०७२,५९० | १० श्रावण २०८९ | १०.३१<br>१० चैत्र २०७९ | १०.६५<br>माघ २०७९ |
| कुमारी इक्वीटी फण्ड | बन्दमुखी | १,०००,०००,००० | ०३ चैत्र २०८७ | १०.१०<br>१० चैत्र २०७९ | १०.८३<br>माघ २०७९ |

| योजनाको नाम | योजनाको प्रकार | योजनाको आकार | योजना परिपक्व हुने मिति | साप्ताहिक खुद सम्पति मूल्य | मासिक खुद सम्पति मूल्य |
|---|---|---|---|---|---|
| लक्ष्मी इक्वीटी फण्ड | बन्दमुखी | १,२५०,०००,००० | ३० जेष्ठ २०८१ | ९.८३<br>१० चैत्र २०७९ | १०.४२<br>माघ २०७९ |
| लक्ष्मी उन्नति कोष | बन्दमुखी | ६५२,६२३,६०० | १५ आश्विन २०८४ | १०.०८<br>१० चैत्र २०७९ | १०.५९<br>माघ २०७९ |
| मेगा म्युचुअल फण्ड-१ | बन्दमुखी | १,२५०,०००,००० | २२ भाद्र २०८८ | ८.१२<br>१० चैत्र २०७९ | ८.७३<br>माघ २०७९ |
| नबिल ब्यालेन्स फण्ड २ | बन्दमुखी | १,१२०,०००,००० | १८ जेष्ठ २०८६ | ९.६६<br>१० चैत्र २०७९ | १०.४७<br>माघ २०७९ |
| नबिल ब्यालेन्स फण्ड ३ | बन्दमुखी | १,२५०,०००,००० | ०७ आश्विन २०८८ | ८.३३<br>१० चैत्र २०७९ | ८.९५<br>माघ २०७९ |
| नबिल इक्वीटी फण्ड | बन्दमुखी | १,२५०,०००,००० | २० कार्तिक २०८० | ९.७५<br>१० चैत्र २०७९ | १०.५०<br>माघ २०७९ |
| नबिल फ्लेक्सी क्याप फण्ड | खुल्लामुखी | ४६७,८४२,९३० | लागु नहुने। | ९.५७<br>१० चैत्र २०७९ | ९.९१<br>माघ २०७९ |
| एनआईबिएल ग्रोथ फण्ड | बन्दमुखी | १,३२०,०००,००० | ०४ माघ २०८९ | ९.८३<br>१० चैत्र २०७९ | ९.९०<br>माघ २०७९ |
| एनआईबिएल प्रगति फण्ड | बन्दमुखी | ७५०,०००,००० | २६ पौष २०८० | ९.७४<br>१० चैत्र २०७९ | १०.५३<br>माघ २०७९ |
| एनआईबिएल सहभागिता फण्ड | खुल्लामुखी | १,३८९,०६८,९८० | लागु नहुने। | १०.१५<br>१० चैत्र २०७९ | १०.४६<br>माघ २०७९ |
| एनआईबिएल सम्बृद्धि फण्ड-२ | बन्दमुखी | १,५००,०००,००० | १५ जेष्ठ २०८८ | ८.५३<br>१० चैत्र २०७९ | ८.९६<br>माघ २०७९ |
| एन आई सी एशिया ब्यालेन्स फण्ड | बन्दमुखी | ७५५,०००,००० | ११ भाद्र २०८६ | १०.५१<br>१० चैत्र २०७९ | ११.२६<br>माघ २०७९ |
| एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड | खुल्लामुखी | ५२०,०२१,५५० | लागु नहुने। | १०.४४<br>१० चैत्र २०७९ | १०.७२<br>माघ २०७९ |
| एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड | बन्दमुखी | १,०२०,०००,००० | ०१ आषाढ २०८६ | ९.९२<br>१० चैत्र २०७९ | १०.४०<br>माघ २०७९ |
| एन आई सी एशिया ग्रोथ फण्ड | बन्दमुखी | ८३५,२००,००० | २८ फागुन २०८१ | ११.०२<br>१० चैत्र २०७९ | ११.९५<br>माघ २०७९ |
| एन आई सी एशिया सेलेक्ट-३० | बन्दमुखी | १,२५०,०००,००० | २१ आषाढ २०८५ | १०.०३<br>१० चैत्र २०७९ | १०.२५<br>माघ २०७९ |
| एनएमबि ५० | बन्दमुखी | १,२५०,०००,००० | १६ भाद्र २०८३ | १०.९२<br>१० चैत्र २०७९ | ११.५१<br>माघ २०७९ |
| एनएमबि हाइब्रिड फण्ड एल - १ | बन्दमुखी | १,०००,०००,००० | ०९ कार्तिक २०८० | १०.९६<br>१० चैत्र २०७९ | ११.१६<br>माघ २०७९ |
| एनएमबि सरल बचत फण्ड - इ | खुल्लामुखी | ७६७,८०५,२८५ | लागु नहुने। | ८.८९<br>१० चैत्र २०७९ | ९.४७<br>माघ २०७९ |
| एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड - २ | बन्दमुखी | १,२००,०००,००० | १६ भाद्र २०८९ | १०.१०<br>१० चैत्र २०७९ | १०.३४<br>माघ २०७९ |
| प्रभु सेलेक्ट फण्ड | बन्दमुखी | १,२५०,०००,००० | ०७ आषाढ २०८५ | १०.१७<br>१० चैत्र २०७९ | १०.४७<br>माघ २०७९ |
| प्रभु स्मार्ट फण्ड | बन्दमुखी | १,०००,०००,००० | लागु नहुने। | १०.०<br>१० चैत्र २०७९ | - |
| आरविवि म्युचुअल फण्ड १ | बन्दमुखी | १,२५०,०००,००० | ०८ श्रावण २०८५ | ९.०८<br>१० चैत्र २०७९ | ९.३९<br>माघ २०७९ |
| सानिमा इक्वीटी फण्ड | बन्दमुखी | १,३००,०००,००० | ११ पौष २०८१ | १२.०५<br>१० चैत्र २०७९ | १३.०२<br>माघ २०७९ |
| सानीमा ग्रोथ फण्ड | बन्दमुखी | ६७२,५३२,६०० | १२ मार्ग २०९० | ९.८७<br>१० चैत्र २०७९ | ९.९९<br>माघ २०७९ |
| सानिमा लार्ज क्याप फण्ड | बन्दमुखी | १,२००,०००,००० | ११ फागुन २०८४ | ९.०७<br>१० चैत्र २०७९ | ९.६८<br>माघ २०७९ |

| योजनाको नाम | योजनाको प्रकार | योजनाको आकार | योजना परिपक्व हुने मिति | साप्ताहिक खुद सम्पति मूल्य | मासिक खुद सम्पति मूल्य |
|---|---|---|---|---|---|
| शुभ लक्ष्मी कोष | खुल्लामुखी | २७९,५०५,७९९ | लागु नहुने । | ९.५४<br>१० चैत्र २०७९ | १०.१०<br>माघ २०७९ |
| सिद्धार्थ इक्वीटी फण्ड | बन्दमुखी | १,५००,०००,००० | २३ कार्तिक २०८४ | ९.५९<br>१० चैत्र २०७९ | १०.४९<br>माघ २०७९ |
| सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम २ | बन्दमुखी | १,२००,०००,००० | १० भाद्र २०८६ | ९.७२<br>१० चैत्र २०७९ | १०.५९<br>माघ २०७९ |
| सिद्धार्थ व्यवस्थित लगानी योजना | खुल्लामुखी | ३३६,१३५,७३० | लागु नहुने । | ८.१०<br>१० चैत्र २०७९ | ८.५५<br>माघ २०७९ |
| सनराइज ब्लुचिप फण्ड | बन्दमुखी | १,२५०,०००,००० | ११ चैत्र २०८७ | ९.०५<br>१० चैत्र २०७९ | ९.५८<br>माघ २०७९ |
| सनराइज फर्ष्ट म्युचुअल फण्ड | बन्दमुखी | ८६०,०००,००० | १९ कार्तिक २०८६ | ११.९५<br>१० चैत्र २०७९ | १२.५५<br>माघ २०७९ |
| सनराइज फोकस्ड इक्विटी फण्ड | बन्दमुखी | १,०००,०००,००० | २९ माघ २०८८ | ९.९०<br>१० चैत्र २०७९ | ९.९४<br>माघ २०७९ |

वर्तमान स्थितिमा उल्लेखित सामुहिक लगानी कोष योजनाहरुको अवस्था सन्तोषजनक देखिए पनि, यस घट्दो बजारको परिपेक्षमा प्रतिफल भने उच्च नरहेको देख्न सकिन्छ। यद्पी योजनाहरुको हालको खुद सम्पति मूल्य बजारमा झन्डै ४० प्रतिशत ले गिरावट हुँदा पनि प्राथमिक निष्कासन मूल्य बराबर रहनुले घट्दो बजारमा पनि योजनाहरुको व्यवस्थापन सबल रहेको बुझ्न सकिन्छ। त्यसैगरी योजनाहरुको समयावधि पनि ५ बर्ष भन्दा माथि हुनाले अहिलेको निरन्तर गिरावटलाई छिचलेर बजार सकारात्मक दिशामा अघि बढ्दै गर्दा योजनाहरुले राम्रो प्रतिफल दिन सक्ने प्रक्षेपण गर्न सकिन्छ जसको उदाहरण परिपक्क भईसकेका योजनाहरुको प्रतिफल बाट बुझ्न सकिन्छ। सामुहिक लगानी कोष नियमावली, २०६७ को अन्तर्गत संचालन मा आई हालसम्म परिपक्व भएका ७ योजनाहरुको Dividend Adjusted Internal Rate of Return (IRR) निम्नानुसार रहेका छन ।

| योजनाको नाम | योजनाको आकार | योजनाको अवधि | योजनाको प्रतिफल (IRR) |
|---|---|---|---|
| ग्लोबल आइएमई समुन्नत योजना १* | १,०००,०००,००० | ७ बर्ष | ११.६१% |
| सिद्धार्थ इन्भेष्टमेण्ट ग्रोथ स्किम १ | ५००,०००,००० | ५ बर्ष | ३२.३६% |
| लक्ष्मी भ्यालु फण्ड-१ | ५००,०००,००० | ५ बर्ष | १४.६५% |
| एनआईबिएल सम्बृद्धि फण्ड-१ | १,०००,०००,००० | ७ बर्ष | १५.४५% |
| एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड - १ | ७५०,०००,००० | ५ बर्ष | १५.५०% |
| नबिल ब्यालेन्स फण्ड १ | ७५०,०००,००० | ५ बर्ष | २६.७६% |
| सिद्धार्थ इक्वीटी ओरियन्टेड स्कीम | १,०००,०००,००० | ५ बर्ष | १२.७६% |

* योजना परीपक्व भएको मितिको खुद मूल्यमा आधारित ।

३. योजना व्यवस्थापकको व्यवसायको भविष्य :

हालसम्म बजारमा संचालन भएका लगानी व्यवस्थापन योजनाहरु र परिपक्व योजनाहरुको प्रतिफल हेर्दा सामूहिक लगानी कोषहरुले पूँजी बजारमा हुने जोखिमलाई न्युनिकरण गर्दै लगानीकर्ताहरुलाई राम्रो प्रतिफल प्रदान गर्दै रहेका छन । यसै लगानी कोष उद्योग अन्तर्गत पनि निश्चित उद्देश्य र रणनीति सहित अघि बढेका योजनाहरुको जीवनकालमा प्राप्त प्रतिफल बजारको औसत प्रतिफल भन्दा उच्च देखिन्छ ।

पछिल्लो समयमा निरन्तर रुपले ओरालो लागेको बजारले १,८०० तह वरिपरी बलियो टेवा पाएको र अर्थतन्त्रका सूचकहरु क्रमश सुधार हुँदै गइरहेको यस परिवेशमा दिर्घकालिन लगानीको लागि एउटा पृष्ठभूमि तयार हुँदै छ । यस पृष्ठभूमिमा हिमालयन क्यापिटल लिमिटेडले लगानी गर्ने क्रममा राष्ट्रको आर्थिक स्थितिको अवलोकन र विश्लेषण र लगानीका क्षेत्रहरुको आधारभूत तथा प्राविधिक विश्लेषण प्रतिवेदन तयार गरी उपयुक्त देखिएका उपकरणहरुमा लगानी गर्नेछ र लगानी गर्ने उपकरणहरु र क्षेत्रहरुमा अन्तर्निहीत रहेको जोखिमहरुको सुक्ष्म विश्लेषण गर्दै जोखिमहरुको न्युनीकरण गर्ने उपायहरु पनि अवलम्बन गर्दै जानेछ। संस्थाले तथ्यमा आधारित भएर अनुशासित रुपले समयानुकुल रणनीति अवलम्बन गर्दै दिर्घकालिन र अल्पकालिन लगानी गर्दा लगानीकर्ताहरुलाई उचित प्रतिफल प्रदान गर्न सफल हुने सम्भावना उच्च रहनेछ । तसर्थ भिन्न परिस्थितिमा रणनीतिक रुपले लगानी गर्दै इकाईधनीहरुलाई राम्रो प्रतिफल प्रदान गर्न हिमालयन ८०-२० योजना सफल हुनेमा बिश्वस्त हुन सक्ने आधारहरु बलियो रहेका छन । साथै लगानीकर्ताहरुलाई उचित प्रतिफल प्रदान गर्दै अघि बढ्दा हिमालयन क्यापिटल लिमिटेड को व्यवसायिक भविस्य पनि उज्ज्वल देखिन्छ।

## ६.३ योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था ः

कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ः

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | संस्थापक समूह 'क' हिमालयन बैंक लिमिटेडबाट प्रतिनिधि | ३ |
| २. | स्वतन्त्र सञ्चालक* | २ |
| | **जम्मा** | ५ |

* स्वतन्त्र सञ्चालक दुई जना मध्ये १ जना महिला सञ्चालक रहनु भएको छ।

## ६.४ योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी ः

**(क) अधिकृत पूँजीः** कम्पनीको अधिकृत पूँजी रु. २०,००,००,०००/- (अक्षरेपी बीस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१०० का दरले २०,००,००० (बीस लाख) थान शेयरमा बिभाजन गरिएको छ।

**(ख) जारी पूँजीः** कम्पनीको जारी पूँजी रु २०,००,००,०००/- (अक्षरेपी बीस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१०० का दरले २०,००,००० (विस लाख) थान शेयरमा बिभाजन गरिएको छ।

**(ग) चुक्ता पूँजीः** कम्पनीको चुक्ता पूँजी २०,००,००,०००/- (अक्षरेपी बीस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१०० का दरल २०,००,००० (विस लाख) थान शेयरमा बिभाजन गरिएको छ।

## ६.५ योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी ः

(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव ः

| क्र.सं. | नाम | ठेगाना | राष्ट्रियता | शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा) | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|
| १. | हिमालयन बैंक लिमिटेड | वडा नं २८, कमलादी, काठमाण्डौं | लागू नहूने | १०० प्रतिशत | लागू नहूने | लागू नहूने |

(ख) सञ्चालकरुको नाम, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव ः

| क्र.सं. | नाम | पद | उमेर (बर्ष) | ठेगाना | राष्ट्रियता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री सुनिल प्रसाद गोर्खाली | अध्यक्ष | ५३ | बालुवाटार, वडा नं. ०४, काठमाण्डौं | नेपाली | एम.ए (अर्थशास्त्र) | हिमालयन बैंकको विभिन्न तहमा रही २४ वर्ष भन्दा बढीको कार्य अनुभव। |
| २. | श्री सतिश राज जोशी | संचालक | ४९ | बानेश्वर, वडा नं.३४, काठमाण्डौं | नेपाली | सि.ए. /एम.बी.ए | हिमालयन बैंकको विभिन्न तहमा रही २० वर्ष भन्दा बढीको कार्य अनुभव। |
| ३. | श्री शंकर जोशी | संचालक | ५३ | धुम्रबराही, वडा नं. ०४, काठमाण्डौं | नेपाली | एम.कम | हिमालयन बैंकको विभिन्न तहमा रही २६ वर्ष भन्दा बढीको कार्य अनुभव। |
| ४. | श्री श्रीमान कार्की | संचालक | ६२ | अनामनगर वडा नं. ०६, काठमाण्डौं | नेपाली | एम.बी.ए /वि.एड | बीमा समितिको विभिन्न तहमा रही २४ वर्ष भन्दा बढीको कार्य अनुभव। |
| ५. | श्री अमृत कुमारी थापा मगर | संचालक | ४६ | धोविघाट वडा नं. ०४, ललितपुर | नेपाली | एम.बी.ए. | व्यवसायिक क्षेत्रमा १९ बर्ष भन्दा बढीको कार्य अनुभव। |

**(ग) संस्थापकहरु कुनै कम्पनी/सस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना, कम्पनीले गर्ने व्यवसाय तथा उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) ः**

| क्र.सं. | संस्थापक कम्पनीको नाम तथा ठेगाना | व्यवसाय | संचालकहरुको | | |
|---|---|---|---|---|---|
| | | | नाम | पद | ठेगाना |
| १. | हिमालयन बैंक लिमिटेड, वडा नं २८, कमलादी, काठमाण्डौं | बैंकिङ्ग | श्री प्रचण्ड बहादुर श्रेष्ठ | अध्यक्ष | थापाथली, काठमाण्डौं । |
| | | | श्री फैजल एन ललानी | संचालक | दुबई, युऐई । |
| | | | श्री सुनिल बहादुर थापा | संचालक | मालिगाउँ, काठमाण्डौं। |
| | | | श्री जितेन्द्र धिताल | संचालक | सिनामगंल, काठमाण्डौं । |
| | | | श्री आशिष शर्मा | संचालक | त्रिपुरेश्वर, काठमाण्डौं । |
| | | | श्री विजय बहादुर श्रेष्ठ | संचालक | बागबजार, काठमाण्डौं । |
| | | | श्री राधाकृष्ण पोते | संचालक | बालाजु, काठमाण्डौं । |

**(घ) सँगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी/सस्थासंग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको कम्पनी/संस्थाको नाम तथा ठेगाना ः**

| क्र.सं. | संचालकको नाम | आवद्ध भएको अन्य कम्पनीको नाम तथा ठेगाना | पद |
|---|---|---|---|
| १. | श्री सुनिल प्रसाद गोर्खाली (अध्यक्ष ) | हिमालयन बैंक लिमिटेडको विभिन्न तहमा रही २४ वर्ष भन्दा बढी कार्यको अनुभव । | सहायक प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सतिश राज जोशी (सञ्चालक ) | हिमालयन बैंक लिमिटेडको विभिन्न तहमा रही २० वर्ष भन्दा बढी कार्यको अनुभव । | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री शंकर जोशी (सञ्चालक) | हिमालयन बैंक लिमिटेडको विभिन्न तहमा रही २६ वर्ष भन्दा बढी कार्यको अनुभव । | प्रमुख प्रबन्धक |
| ४. | श्री श्रीमान कार्की (सञ्चालक) | सो नभएको | - |
| ५. | श्री अमृत कुमारी थापा मगर (सञ्चालक) | सो नभएको | - |

नोट ः कम्पनीका संचालकहरुबाट सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा उल्लेखित प्रावधानहरुको पूर्ण रुपमा पालना गरिएको छ।

**(ङ) सञ्चालकहरुलाई दिइएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरणः** संचालकहरुलाई दिइने भत्ता तथा पारिश्रमिक सम्बन्धमा देहाय अनुसारको व्यवस्था रहेको छ ः

| क्र.सं. | संचालकको नाम | संचालक समितिको बैठक भत्ता | लेखापरिक्षण समितिको भत्ता | जोखिम व्यवस्थापन समितिको भत्ता | अन्य भत्ता | कुल भत्ता आ.व. २०७९/०८० |
|---|---|---|---|---|---|---|
| १. | श्री सुनिल प्रसाद गोर्खाली (अध्यक्ष ) | ४७,५००/- | - | - | - | ४७,५००/- |
| २. | श्री सतिश राज जोशी (सञ्चालक) | ४२,७५०/- | २१,३७५/- | - | २८,१२५/- | ९२,२५०/- |
| ३. | श्री शंकर जोशी (सञ्चालक) | ३८,२५०/- | - | २१,३७५/ | २८,१२५/- | ८७,७५०/- |
| ४. | श्री श्रीमान कार्की (सञ्चालक) | ६२,७५०/- | - | २१,३७५/- | - | ८४,१२५/- |
| ५. | श्री अमृत कुमारी थापा मगर (सञ्चालक) | ६२,७५०/- | २१,३७५/- | - | - | ८४,१२५/- |

## ६.६ योजना व्यवस्थापकको कर्मचारीसम्बन्धी जानकारी ः

**(क) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, पद, उमेर, शैक्षिक योग्यता, व्यवसायीक अनुभवसम्बन्धी विवरण ः**

| क्र.सं. | नाम | पद | उमेर (बर्ष) | शैक्षिक योग्यता | अनुभव (पूव र हाल कार्यरत) |
|---|---|---|---|---|---|
| १. | श्री परमेश्वर पन्त | प्रमुख कार्यकारी अधिकृत | ४३ | एम.बी.ए | -बैंक अफ काठमाण्डु लिमिटेडमा ५ वर्षको अनुभव ।<br>-कुमारी बैंक लिमिटेडमा ९ वर्ष ४ महिनाको अनुभव ।<br>-हाल हिमालयन क्यापिटल लिमिटेडमा ३ बर्ष भन्दा बढीको अनुभव । |
| २. | श्री राम प्रसाद भट्टराई | प्रमुख संचालन अधिकृत<br>कम्पनी सचिव | ४३ | एम.बी.ए | -ग्लोबल आईएमई क्यापिटल लिमिटेडमा ९ बर्षको अनुभव ।<br>-एन आई सी एशिया क्यापिटल लिमिटेडमा २ बर्षको अनुभव ।<br>-हाल हिमालयन क्यापिटल लिमिटेडमा ३ बर्ष भन्दा बढीको अनुभव । |
| ३. | श्री सुजन रत्न बज्राचार्य | प्रमुख इन्भेष्टमेण्ट बैकिङ्ग | ३४ | एम.बी.ए | -नबिल इन्भेष्टमेण्ट बैंकिंङ्ग लिमिटेड र सिद्धार्थ क्यापिटल लिमिटेडमा ६ वर्षको कार्य अनुभव ।<br>-हाल हिमालयन क्यापिटल लिमिटेडमा ३ बर्ष भन्दा बढीको अनुभव । |
| ४. | श्री मुज मानन्धर | प्रमुख वित्त र प्रशासन<br>प्रमुख संस्थागत परामर्श | ३० | सि.ए/ एम.कम/ एम.बि.एस | -के.बि. चित्रकार एण्ड को. (चार्टर्ड एकाउण्टेण्ट्स) मा लेखापरीक्षण क्षेत्रमा ४ वर्षको अनुभव ।<br>-हाल हिमालयन क्यापिटल लिमिटेडमा ३ बर्ष भन्दा बढीको अनुभव । |
| ५. | श्री निमेष प्रसाद अधिकारी | प्रमुख अनुसन्धान, विकास<br>प्रमुख अनुपालन,<br>प्रमुख सुचना प्रविधि | २९ | बि.ई/ एम.बी.ए | -अनुसन्धान अधिकृत र परामर्शदाताको रुपमा विभिन्न संस्थाहरुमा ३ वर्षको अनुभव ।<br>-हाल हिमालयन क्यापिटल लिमिटेडमा ३ बर्ष भन्दा बढीको अनुभव । |

**(ख) योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरणः**

| क्र.सं. | नाम | पद | आ.व. २०७९/०८० को तलव, भत्ता तथा पारिश्रमिक (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | श्री परमेश्वर पन्त | प्रमुख कार्यकारी अधिकृत | ४,८११,५७९.९४ | |
| २. | श्री राम प्रसाद भट्टराई | प्रमुख संचालन अधिकृत<br>कम्पनी सचिव | २,२००,२६२.७० | |
| ३. | श्री सुजन रत्न बज्राचार्य | प्रमुख इन्भेष्टमेण्ट बैकिङ्ग | १,९४५,०७४.३९ | |
| ४. | श्री मुज मानन्धर | प्रमुख वित्त र प्रशासन<br>प्रमुख संस्थागत परामर्श | १,७१६,४३७.३३ | |

| क्र.सं. | नाम | पद | आ.व. २०७९/०८० को तलव, भत्ता तथा पारिश्रमिक (रु.) | कैफियत |
|---|---|---|---|---|
| ५. | श्री निमेष प्रसाद अधिकारी | प्रमुख-अनुसन्धान, विकास<br>प्रमुख-अनुपालन,<br>प्रमुख-सुचना प्रविधि | १,२६७,८१९.६८ | |

**६.७ योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको भए सञ्चालन अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण :**

### वासलात

**(रु. हजारमा)**

| विवरण | वास्तविक | | | अपरिष्कृत** |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० (आषाढ मसान्त) |
| **सम्पत्ती** | | | | |
| नगद तथा नगद समान | ११८,७१७ | ९६,३६६ | ९७,९२७ | ३०४,२३३ |
| मुद्दती निक्षेपमा लगानी | १६०,५०० | १७५,००० | १६३,००० | १६८,००० |
| धितोपत्रमा लगानी | २८,६३९ | ५१,९५२ | ५९,२९५ | ९०,२४४ |
| चालु कर सम्पत्ति | ३,४८६ | ३,७८७ | ५,९९८ | १,९६१ |
| अन्य सम्पत्तिहरु | १,६११ | ८,९६० | २६,६८३ | १६,९८२ |
| सम्पत्ती र उपकरण | ८,६०९ | ७,६८९ | ६,७१९ | ५,६४६ |
| अमुर्त सम्पत्ति | ८५४ | ८४७ | ६८९ | ५६३ |
| **कुल सम्पत्ति** | **३२२,४१६** | **३४४,६०१** | **३६०,३११** | **५८७,६२८** |
| **दायित्वहरु** | | | | |
| स्थगन कर दायित्व | १३७ | १२७० | ७९७ | (४३९) |
| अन्य दायित्व | ११७,५१८ | १२६,६१२ | १३८,९६७ | ३४७,९४५ |
| **कूल दायित्व** | **११७,६५५** | **१२७,८८२** | **१३९,७६५** | **३४७,५०६** |
| **पूँजी** | | | | |
| शेयर पूँजी | २००,००० | २००,००० | २००,००० | २००,००० |
| संचित नाफा | ३,७६१ | १२,१७२ | १६,१२६ | ३५,७१५ |
| जगेडा | १००० | ४,५४७ | ४,४२० | ४,४०६ |
| **कूल पूँजी** | **२०४,७६१** | **२१६,७१९** | **२२०,५४६** | **२४०,१२१** |
| **जम्मा दायित्वहरु र पूँजी** | **३२२,४१६** | **३४४,६०१** | **३६०,३११** | **५८७,६२८** |

### नाफा नोक्सान हिसाव विवरण

**(रु. हजारमा)**

| विवरण | वास्तविक | | | अपरिष्कृत** |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० (आषाढ मसान्त) |
| शुल्क र व्यवस्थापन आम्दानी | १,५७३ | १२,२२० | १३,३१७ | २४,३६९ |
| स्वामित्व कोष व्यवस्थापन आम्दानी | १९,६६९ | ३३,०६० | २५,१४६ | ३८,७१५ |
| अन्य संचालन आम्दानी | - | - | - | - |
| **जम्मा संचालन आम्दानी** | **२१,२४२** | **४५,२८०** | **३८,४६३** | **६३,०८४** |
| **संचालन खर्च** | | | | |
| व्यवस्थापन खर्च | १४,०६५ | १९,६८४ | २०,९४८ | १९,४९१ |
| ब्याज खर्च | १८ | १,२५५ | ५७० | १७७ |
| ह्रासकट्टी र परिशोधन | १,४५४ | १,६७६ | १,४९६ | १,२६७ |
| अन्य संचालन खर्च | ५,३६० | ७,३४३ | ८,७७४ | १०,११४ |
| **संचालन नाफा** | **३४५** | **१५,३२२** | **६,६७६** | **३२,०३५** |
| गैर संचालन आम्दानी | - | २ | - | - |
| गैर संचालन खर्च | - | - | - | - |
| कर्मचारी बोनस अधि नाफा | - | - | - | **३२,०३५** |
| कर्मचारी बोनस व्यवस्था | - | - | - | २,९१२ |
| **आय कर अधिको नाफा** | **३४५** | **१५,३२४** | **६,६७६** | **२९,१२३** |
| **आय कर खर्च** | | | | |

| विवरण | वास्तविक | | | अपरिष्कृत** |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० (आषाढ मसान्त) |
| चालु कर | - | ४,१०८ | १,६७५ | ८,५६५ |
| स्थगन कर | ८७ | ५७० | (५) | - |
| **यस अवधिको नाफा** | **२५८** | **१०,६४६** | **५,००६** | **२०,५५८** |
| **प्रतिशेयर आम्दानी (रु.)** | ०.१३ | ५.३२ | २.५० | १०.२८ |

## नाफा- नोक्सान हिसाब र अन्य बृहत आम्दानी हिसाब

**( Profit and Loss / Other Comprehensive Income)**

**(रु. हजारमा)**

| विवरण | वास्तविक | | | अपरिष्कृत** |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० (आषाढ मसान्त) |
| **यस वर्षको नाफा नोक्सान** | २५८ | १०,६४६ | ५,००६ | २०,५५८ |
| आयकर पछिको अन्य बृहत आम्दानी | | | | |
| **क) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने** | | | | |
| फेयर भ्यालुमा मूल्याङ्कन गरिएको इक्विटी उपकरणका लगानी बाट भएका नाफा/( नोक्सान) | - | १,८७५ | (१,५५७) | (९६९) |
| पुनः मूल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | - | - | - | - |
| मथि उल्लेख गरिएका वुँदाको आयकर | - | (५६२) | ४६७ | - |
| **नाफा/(नोक्सान) मा वर्गिकरण नगरिने खुद अन्य बृहत आम्दानी** | - | **१,३१२** | **(१,०९०)** | **(९६९)** |
| **संचालन खर्च** | | | | |
| ख) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक | - | - | - | - |
| हेजिङ्गबाट भएको नगद प्रवाहको नाफा/( नोक्सान) | - | - | - | - |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | - | - | - | - |
| नाफा/(नोक्सान) मा पुनः वर्गिकरण | - | - | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक खुद अन्य बृहत आम्दानी** | - | - | - | - |
| यस बर्षको आयकर पछिको अन्य बृहत आम्दानी | - | १,३१२ | (१,०९०) | (९६९) |
| **यस वर्षको जम्मा बृहत आम्दानी (Comprehensive Income)** | **२५८** | **११,९५८** | **३,९१६** | **१९,५९०** |

**इक्युटीमा भएको परिवर्तन (Statement of Changes in Equity)**

(रु. हजारमा)

| विवरण | शेयर पुँजी | शेयर प्रिमियम | साधारण जगेडा कोष | सञ्चित नाफा | फेयर भ्यालु कोष | संस्थागत सामाजिक उत्तरदायित्व कोष | कुलक्विटी |
|---|---|---|---|---|---|---|---|
| **श्रावण १ २०७६ सालको मौज्दात** | **२००,०००** | **-** | **९४५** | **३,५५८** | **-** | **-** | **२०४,५०३** |
| शेयर निष्काशन | - | - | - | - | - | - | - |
| यस वर्षको जम्मा बृहत आम्दानी | - | - | - | २५८ | - | - | २५८ |
| जगेडा कोषमा सारिएको रकम | - | - | ५२ | (५४) | - | ३ | - |
| **अषाढ २०७७ को अन्त्य मौज्दात** | **२००,०००** | **-** | **९९७** | **३,७६१** | **-** | **३** | **२०४,७६१** |
| **श्रावण १ २०७७ सालको मौज्दात** | **२००,०००** | **-** | **९९७** | **३,७६१** | **-** | **३** | **२०४,७६१** |
| शेयर निष्काशन | - | - | - | - | - | - | - |
| यस वर्षको जम्मा बृहत आम्दानी | - | - | - | ११,९५८ | - | - | ११,९५८ |
| जगेडा कोषमा सारिएको रकम | - | - | २,१२९ | (३,५४८) | १,३१२ | १०६ | - |
| **अषाढ २०७८ को अन्त्य मौज्दात** | **२००,०००** | **-** | **३,१२६** | **१२,१७२** | **१,३१२** | **१०९** | **२१६,७१९** |
| **श्रावण १ २०७८ सालको मौज्दात** | **२००,०००** | **-** | **३,१२६** | **१२,१७२** | **१,३१२** | **१०९** | **२१६,७१९** |
| शेयर निष्काशन | - | - | - | - | - | - | - |
| यस वर्षको जम्मा बृहत आम्दानी | - | - | - | ३,९१६ | - | - | ३,९१६ |
| जगेडा कोषमा सारिएको रकम | - | - | **१,००१** | **३९** | **(१,०९०)** | **५०** | - |
| यस बर्ष को परिर्वतन | - | - | - | - | - | **(८९)** | **(८९)** |
| **अषाढ २०७९ को अन्त्य मौज्दात** | **२००,०००** | **-** | **४,१२७** | **१६,१२६** | **२२२** | **७०** | **२२०,५४६** |
| **श्रावण १ २०७९ सालको मौज्दात** | **२००,०००** | **-** | **४,१२७** | **१६,१२६** | **२२२** | **७०** | **२२०,५४६** |
| शेयर निष्काशन | - | - | - | - | - | - | - |
| यस वर्षको जम्मा बृहत आम्दानी | - | - | - | १९,५९० | - | - | १९,५९० |
| जगेडा कोषमा सारिएको रकम | - | - | - | - | - | - | - |
| यस बर्ष को परिर्वतन | - | - | - | - | - | **(१४)** | **(१४)** |
| **(अपरिष्कृत)**अषाढ २०८० को अन्त्य मौज्दात** | **२००,०००** | **-** | **४,१२७** | **३५,७१६** | **२२२** | **५६** | **२४०,१२२** |

## नगद प्रवाह विवरण

**(रु. हजारमा)**

| विवरण | वास्तविक | | | अपरिष्कृत** |
|---|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ | आ.व.२०७९/८० (आषाढ मसान्त) |
| कारोबार संचालनबाट नगद प्रवाह | | | | |
| **१. आयबाट प्राप्त नगद** | | | | |
| १.१ शेयर रजिष्ट्रबाट आय | २०० | ९०० | ९०० | १,४४५ |
| १.२ पोर्टफोलियो व्यवस्थापन शुल्क | १३५ | ५,३२३ | ३,१०६ | ४,३७५ |
| १.३ प्रत्याभूति शुल्क | ९०७ | ३,०३१ | ६९२ | १,४०७ |
| १.४ निक्षेप शुल्क | १० | ९०५ | ६,४६३ | ६,८६२ |
| १.५ कोर्पोरेट सल्लाकार बाट आय | ३९५ | १,४९५ | १,९८८ | १,९६९ |
| १.६ स्वामित्व कोष व्यवस्थापन आय | २०,२७९ | ३४,२७१ | २३,७८७ | ३८,५८९ |
| १.७ निष्काशन व्यवस्थापनबाट आय | - | ५६६ | १५० | ८,२६५ |
| १.८ गैर संचालन आय | - | २ | - | - |
| १.९ डिबेन्चर ट्रष्टीशिप शुल्क | - | - | २० | ४० |
| १.१० अन्य आम्दानी | - | - | - | ७ |
| **२. नगद भुक्तानी** | | | | |
| २.१ व्यवस्थापन खर्च | (१४,०६५) | (१९,६३२) | (२०,९४८) | (१९,४९३) |
| २.२ अन्य संचालन खर्च | (५,३५९) | (७,०८९) | (८,८२८) | (१०,११४) |
| **३.परिचालन सम्पत्ति र दायित्वहरुमा परिवर्तन हुनु अघिको संचालन नगत प्रवाह** | **२,५०१** | **१९,७७२** | **७,३३१** | **३३,३५१** |
| ३.१.परिचालन सम्पत्तिमा वृद्धि/(कमी) | - | - | - | - |
| ३.१.१ प्राप्य खाताहरुमा वृद्धि | (११३) | (५,९१०) | २,८२१ | (७,८४५) |
| ३.१.२ लगानी आवेदन र प्रतिबद्धताहरुमा वृद्धि | (२९) | २९ | (२०,०००) | २०,००० |
| ३.१.३ धितोपत्रमा लगानी | ३४,५०० | (२२,००१) | (१२,३२६) | (३०,२३४) |
| ३.१.४ मुद्दती निक्षेपमा लगानी | (२८,६३९) | (१४,५००) | १२,००० | (५,०००) |
| ३.१.५ अन्य प्राप्त आयमा वृद्धि | (११९) | (२,४२३) | २,५२८ | (८,६६२) |
| ३.१.६ निक्षेपमा वृद्धि | (१००) | - | - | - |
| **३.२ परिचालन दायित्वमा वृद्धि/(कमी)** | | | | |
| ३.२.१ ऋणमा वृद्धि/(कमी) | (१,८३७) | ३,४७१ | २,२६२ | १,७०४ |
| ३.२.२ व्यवास्थापन शुल्कमा वृद्धि /(कमी) भुक्तानी योग्य | - | २,७६० | (९७३) | (१,७८६) |
| ३.२.३ हिमालयन बैंकको भुक्तानी योग्य लाभांशमा वृद्धि | ११६,९४५ | २,८६४ | ११,०६७ | २०९,०६१ |
| **४. आयकर व्यवस्था अघिको कारोबार संचालनबाट नगद प्रवाह** | **१२३,११०** | **(१५,९३८)** | **४,७१०** | **२१०,५८९** |
| ४.१ आयकर | (२,९८८) | (४,४०९) | (२,२१२) | (४,०३८) |
| **संचालन गतिबिधीहरु बाट खुद नगद प्रवाह** | **१२०,१२२** | **(२०,३४७)** | **२,४९८** | **२०६,५५१** |
| **लगानी गतिबिधी बाट नगद प्रवाह** | | | | |
| १. सम्पत्ति प्लान्ट र उपकरण खरिद | (८,६५६) | (७४९) | (३६८) | (६८) |
| **लगानी गतिबिधी बाट खुद नगद प्रवाह** | **(८,६५६)** | **(७४९)** | **(३६८)** | **(६८)** |
| **वित्तीय कारोबारबाट नगद प्रवाह** | | | | |
| १.ब्याज भुक्तानी | (१८) | (१,२५५) | (५७०) | (१७७) |
| **वित्तीय गतिबिधी बाट खुद नगद प्रवाह** | **(१८)** | **(१,२५५)** | **(५७०)** | (१७७) |
| **खुद नगद तथा बैंकमा बृद्धि/(कमी)** | **१११,४४८** | **(२२,३५०)** | **(१,५६१)** | **२०६,३०६** |
| नगद तथा बैंकमा रहेको शुरुको मौज्दात | ७,२६९ | ११८,७१७ | ९६,३६६ | ९७,९२७ |
| **यस वर्षको सम्पूर्ण गतिविधी बाट नगद प्रवाह** | **११८,७१७** | **९६,३६६** | **९७,९२७** | **३०४,२३३** |

** आर्थिक वर्ष २०७९/८० समाप्त भई सकेको हुँदा सो आ.व. को अपरिष्कृत वित्तिय विवरण समावेस गरिएको।

**६.८ योजना व्यवस्थापकको लेखानीति सम्बन्धी व्यवस्था** :

योजना व्यवस्थापकले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) बाट निर्धारित Nepal Accounting Standard (NAS) र Nepal Financial Reporting Standard (NFRS) अनुरुपको लेखा नीति पालना गरेको छ।

**६.९ योजना व्यवस्थापकको लेखापरीक्षको नाम तथा ठेगानाः** श्री आर.के एसोसिएट्स चार्टड एकाउन्टेन्ट, बानेश्वर काठमाण्डौं।

**६.१० योजना व्यवस्थापकको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण तथा मुद्दा मामिला अन्तिम रुपमा फैसला भई जरिवाना बुझाएको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

**६.११ यो योजना भन्दा अगाडिको योजनाको खुद सम्पत्ति मूल्य (NAV) सम्बन्धी विवरण :** सो नभएको ।

**६.१२ योजना व्यवस्थापकको रेटिङ्ग गरेको भए रेटिङ्ग गर्ने कम्पनी तथा रेटिङ्ग सङ्केत :**

योजना व्यवस्थापकको रेटिङ्ग सम्बन्धी संकेत देहाय बमोजिम रहेको छ।

रेटिङ्ग कम्पनी : श्री इक्रा नेपाल लिमिटेड, डिल्लिबजार, काठमाण्डौं।

रेटिङ्ग संकेतः "ICRA NP Asset Management Company Quality Three" [ICRANP] AMC Quality 3 (AMC3) प्राप्त गरेको छ। उक्त रेटिङ्गले Adequate Assurance on the Management Quality लाई जनाउँदछ । यो मिति २०७९/०८/१२ (तदनुसार नोभेम्बर २८,२०२२) गते प्राप्त भएको र यसको बैधता मिति २०८०/०८/११ (तदनुसार नोभेम्बर २७,२०२३) सम्म रहने छ।

## ७. कोष सुपरिवेक्षक तथा कोष सुपरिवेक्षकसँगका सम्झौता सम्बन्धी विवरण :

**७.१ कोष सुपरिवेक्षकको नाम, ठेगाना, उमेर तथा योग्यता :**

| क्र.सं. | नाम | ठेगाना | उमेर | योग्यता |
|---|---|---|---|---|
| १. | श्री राजिव कुमार गिरी | हाडिगाँउ, काठमाण्डौं । | ५८ | एम.बि.ए |
| २. | श्री लक्ष्मण बहादुर बस्नेत | सिनामंगल, काठमाण्डौं । | ६७ | एम.पिए/एम.बिए |
| ३. | श्री राज कुमार भट्टराई | बुढानिलकण्ठ, काठमाण्डौं । | ५७ | पी.एच.डी/एम.बि.ए |
| ४. | श्री टिका राम रिजाल | कीर्तिपुर, काठमाण्डौं । | ५४ | एल.एल.एम (वाणिज्य कानून) |
| ५. | श्री बिकाश काबरिया | मैतिदेवि, काठमाण्डौं । | ३६ | सि.ए, सि.एफ.ए (CA,CFA) |

**७.२ कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :**

| क्र.सं. | नाम | व्यवसायिक अनुभव | मुख्य पेशा/ व्यवसाय | हाल कायम रहेको जिम्मेवारी |
|---|---|---|---|---|
| १. | श्री राजिव कुमार गिरी | १. उपप्रमुख कार्यकारी अधिकृत, कुमारी बैंक लि. (२०७१/०१/१४ देखि २०७६/१२/३० सम्म)<br>२. कर्पोरेट प्रमुख- स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लि. २०४६ मंसिर देखि २०७० चैत्र सम्म) | बैकिङ्ग | सेवा निवृत |
| २. | श्री लक्ष्मण बहादुर बस्नेत | १. कार्यकारी निर्देशक, नेपाल इन्टरमोडल ट्रान्सपोर्ट डेभलपमेन्ट बोर्ड, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल सरकार (२०७०-२०७४ सम्म)<br>२. प्रमुख कर अधिकृत, आन्तरिक राजस्व कार्यालय, पोखरा, अर्थ मन्त्रालय, (२०६८-२०६९ सम्म)<br>३. राजस्व सदस्य, राजस्व न्यायाधिकरण, पोखरा (२०६८-२०६९ सम्म)<br>४. प्रमुख कर अधिकृत, आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं-१, काठमाण्डौं (२०६७-२०६८)<br>५. उपसचिव अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौं (२०६५-२०६७ सम्म)<br>६. प्रमुख कर अधिकारी, आन्तरिक राजस्व कार्यालय, विराटनगर (२०६४-२०६५ सम्म) | निजामति सेवा | सेवा निवृत |

| क्र.सं. | नाम | व्यवसायिक अनुभव | मुख्य पेशा/ व्यवसाय | हाल कायम रहेको जिम्मेवारी |
|---|---|---|---|---|
| | | ७. प्रमुख कर अधिकारी, आन्तरिक राजस्व कार्यालय,क्षेत्र नं. १, काठमाण्डौं ( २०६३-२०६४ सम्म)<br>८. लेखा अधिकृत- रोयल नेपाल वायुसेवा निगम र बाँसबारी छाला जुत्ता कारखाना लिमिटेड, (२०४१) | | |
| ३. | श्री राज कुमार भट्टराई | १. टिम लिडर , बिश्व बैंक समूह (२०७७ फागुन ९ देखि हाल सम्म)<br>२. गभर्निङ काउन्सिल सदस्य, नेपाल कर्मस क्यामपस (२०७५ मंसिर १९ देखि हाल सम्म)<br>३. वरिष्ठ अनुसन्धान विशेषज्ञ ,नेपाल विकास अनुसन्धान संस्था(२०६७ भदौ २४ देखि हाल सम्म)<br>४. पुस्तकालय विकास समिति का अध्यक्ष, नेपाल कर्मस क्यामपस (२०७३ फागुन ३० देखि हाल सम्म)<br>५. राष्ट्रिय परामर्शदाता, नेपाल घरेलु तथा साना उद्योग महासंघ (२०६९ माघ २४ देखि २०७६ जेष्ठ २४ सम्म)<br>६. बिमा समिति सदस्य, स्रोत व्यक्ति/ अनुसन्धाता(२०६६ श्रावन १५ देखि २०७३ जेष्ठ २ सम्म)<br>७. विभिन्न शैक्षिक संस्थाहरुमा १० वर्ष भन्दा बढी अनुभव। | प्रोफेसर, व्यवस्थापन परामर्शदाता | प्रोफेसर, व्यवस्थापन परामर्शदाता |
| ४. | श्री टिका राम रिजाल | १. व्याख्याता (वाणिज्य कानून)-शहिद स्मारक कलेज, कृर्तिपुर, काठमाण्डौं ( २०६२ देखि हाल सम्म)<br>२. कानुनी सल्लाहकार-राष्ट्रिय आवस कम्पनी, पुल्चोक, ललितपुर (२०७०-२०७२ सम्म)<br>३. भुक्तानी-वकील, पुरावेदन अदालत पाटन<br>(२०६१-२०६२ सम्म)<br>४. शाखा अधिकृत, पुरावेदन अदालत इलाम र विराटनगरमा (२०५१-२०५४ सम्म) | कानुन व्यवसाय | अधिवक्ता |
| ५. | श्री विकाश काबरिया | १. वित्त प्रबन्धक-नेपाल जल तथा ऊर्जा विकास कम्पनी (२०७५ भदौ देखि २०७८ मंसिर सम्म)<br>२. प्रबन्ध निर्देशक र साझेदार- स्कूल अफ फाइनान्स प्रा.लि. मा कार्य अनुभव।<br>३. प्रमुख संस्थागन परामर्श सल्लाहकार र अनुपालन, नबिल इन्भेष्टमेण्ट बैंक लिमिटेड (२०७३ कार्तिक देखि-२०७४ असोज सम्म)<br>४. प्रमुख व्यापार विश्लेषण र लेखा परीक्षण, त्रिवेणि ग्रुप अफ कम्पनीज, काठमाडौँ, (२०७२ कार्तिक देखि २०७३ असोज सम्म) | लगानी व्यवस्थापन, वित्त तथा अर्थशास्त्र विज्ञ | लगानी व्यवस्थापन, वित्त तथा अर्थशास्त्र विज्ञ |

| क्र.सं. | नाम | व्यवसायिक अनुभव | मुख्य पेशा/ व्यवसाय | हाल कायम रहेको जिम्मेवारी |
|---|---|---|---|---|
| | | ५. वित्तीय नियन्त्रक र सम्पत्ति प्रबन्धक, जिङ्क जर्नी ग्लोबल , (२०७० भदौ देखि २०७० फागुन सम्म)<br>६. संकाय प्रमुख, सि.एफ.ए क्लासेस (२०७०फागुन देखि हाल सम्म)<br>७. वरिष्ठ वित्तिय विश्लेषण,आरआर डोनेली (२०६७ पुष देखि २०६९ बैशाख सम्म)<br>८. वित्तिय प्रमुख, एडुक्लाउड सोलुसन्समा १ बर्षको कार्य अनुभव। | | |

## ७.३ योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका ः

योजना संचालन गर्न नेपाल धितोपत्र बोर्डको स्वीकृतिका लागि विवरण पुस्तिका पेश गर्नु अघि विवरण पुस्तिकाको सत्यता सम्बन्धमा अध्ययन गरी स्वीकृतका लागी पठाउने अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानून तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्न योजना अर्न्तगतको सम्पत्ती तथा कागजातहरु सुरक्षित साथ राखिए वा नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डबाट स्वीकृत योजना बमोजिम योजना संचालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने,योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकले समयमा लेखा परिक्षण गराए नगराएको, तोकिएबमोजिम विवरण सार्वजनिक गरे नगरेको तथा बोर्ड समक्ष पेश गर्नुपर्ने विवरण तथा जानकारी समयमा पेश गरे नगरेको सुनिश्चित गर्ने तथा त्यस्तो नगरेको पाईएमा गर्न लगाउने, योजनाको धितोपत्र, रकम, व्याज, लाभांश वा आम्दानी प्राप्त गर्न वा सहभागीलाई वितरण गर्न निर्देशन दिने, सामूहिक लगानी कोष नियमावली तथा सो अन्तर्गत जारी गरिने निर्देशिकाले तोके बमोजिम योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन, योजना व्यवस्थापकको कामकारवाही प्रति द्धितीय पक्ष सन्तुष्ट रहेको प्रमाण, योजना व्यवस्थापकले योजनाको संचालन स्वतन्त्रपूर्वक गरेको तथा सहभागीको हित रक्षा गर्न पर्याप्त कदम चालेको कुराको प्रमाण कागजात आदि तयार गरी तोकिएको समयमा बोर्डमा पेश गर्ने तथा आवश्यकता अनुसार योजनाका सहभागीहरुलाई जानकारी गराउने,योजना व्यवस्थापकले योजनाको खुद सम्पत्ति मूल्यको सीमाभित्र रही सामूहिक लगानी कोष निर्देशिकामा तोकिए बमोजिम सार्वजनिक निष्काशन गरिएका धितोपत्रको प्रत्याभूति (अन्डरराईट) भए नभएको सुपरिवेक्षण गर्ने, बोर्डले तोकिदिए बमोजिमका अन्य काम गर्ने, लगायतका जिम्मेवारीहरु कोष सुपरिवेक्षकको भूमिका रहनेछ।

## ७.४ कोष प्रवर्द्धक र कोष सुपरिवेक्षक बीचको सम्झौताका मुख्य मुख्य बुँदाहरु ः

(१) कोष सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः-

(क) योजना व्यवस्थापकले प्रचलित कानून तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने,

(ख) सहभागीको हित संरक्षण गर्ने,

(ग) योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने,

(घ) योजनाको खुद सम्पत्ती मूल्यको जाँच गर्ने,

(ङ) योजना अर्न्तगतको सम्पत्ती तथा कागजातहरु सुरक्षितसाथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने,

(च) बोर्डबाट स्वीकृत योजना बमोजिम योजना संचालन भए नभएको सुपरिवेक्षण गर्ने,

(छ) योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने,

(ज) योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने,

(झ) योजना व्यवस्थापकले समयमा लेखा परिक्षण गराए नगराएको, तोकिएबमोजिम विवरण सार्वजनिक गरे नगरेको तथा बोर्डसमक्ष पेश गर्नुपर्ने विवरण तथा जानकारी समयमा पेश गरे नगरेको सुनिश्चित गर्ने तथा त्यस्तो नगरेको पाईएमा गर्न लगाउने,

(ञ) योजनाको धितोपत्र, रकम, व्याज, लाभांश वा आम्दानी प्राप्त गर्न वा सहभागीलाई वितरण गर्न निर्देशन दिने,

(ट) सामूहिक लगानी कोष नियमावली तथा सो अन्तर्गत जारी गरिने निर्देशिकाले तोके बमोजिम योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन, योजना व्यवस्थापकको कामकारवाही प्रति द्धितीय पक्ष सन्तुष्ट रहेको प्रमाण, योजना व्यवस्थापकले योजनाको संचालन स्वतन्त्रपूर्वक गरेको तथा सहभागीको हित रक्षा गर्न पर्याप्त कदम चालेको कुराको प्रमाण कागजात आदि तयार गरी तोकिएको समयमा बोर्डमा पेश गर्ने तथा आवश्यकता अनुसार योजनाका सहभागीहरुलाई जानकारी गराउने,

(ठ) योजना व्यवस्थापकले योजनाको खुद सम्पत्ति मूल्यको सीमाभित्र रही सामूहिक लगानी कोष निर्देशिकामा तोकिए बमोजिम सार्वजनिक निष्काशन गरिएका धितोपत्रको प्रत्याभूति (अन्डरराईट) भए नभएको सुपरिवेक्षण गर्ने,

(ड) बोर्डले तोकिदिए बमोजिमका अन्य काम गर्ने ।

(२) योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा कोष सुपरिवेक्षकले त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने छ ।

(३) कोष सुपरिवेक्षकले योजना व्यवस्थापक सँग योजना सम्बन्धी सूचना, जानकारी तथा विवरण सामूहिक लगानी कोष नियमावली, २०६७ ले तोकेबमोजिम आवधिक रुपमा प्राप्त गर्ने तथा योजना व्यवस्थापकले गरेको काम कारवाही बारे कुनै विवरण वा जानकारी माग गर्न सक्नेछ ।

(४) योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा कोष सुपरिवेक्षकले त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्नेछ ।

(५) कोष सुपरिवेक्षको निर्देशन योजना व्यवस्थापकले पालना नगरे कोष सुपरिवेक्षकले सोको जानकारी कोष प्रबर्द्धक तथा बोर्डलाई दिनु पर्ने छ ।

(६) कोष सुपरिवेक्षले सामुहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम योजना खारेज गर्नका लागि योजना व्यवस्थापकलाई आवश्यकता अनुसार सहमति प्रदान गर्नेछ र त्यस्तो सहमति प्रदान गर्नुअघि कोष प्रबर्द्धक जानकारी गराउनुपर्नेछ । साथै योजना व्यवस्थापकले योजना खारेज गर्दा नियमावलीले तोके बमोजिमको प्रकृया पुरा गरे नगरेको सुपरिवेक्षण गर्ने तथा आवश्यकता अनुसार योजना खारेज गर्ने प्रकृयाका सम्बन्धमा योजना व्यवस्थापकलाई निर्देशन दिन सक्नेछ ।

(७) कोष सुपरिवेक्षले कोष प्रबर्द्धक एवं बोर्डलाई पूर्व जानकारी दिई योजना व्यवस्थापक तथा डिपोजिटरीको हिसाब कितावं तथा अभिलेख निरीक्षण गर्न सक्नेछ र त्यस्तो निरीक्षण गर्दा कुनै कैफियत देखिएमा कोष प्रबर्द्धकलाई तुरुन्त जानकारी गराउनुपर्नेछ साथै सो को प्रतिवेदन नियमावलीले तोकेको समयभित्र कोष प्रबर्द्धक तथा बोर्डसमक्ष पेश गर्नुपर्नेछ ।

(८) योजना संचालनमा कुनै समस्या उत्पन्न भएमा दुवै पक्षले बोर्डको निर्देशन तथा आपसी समझदारीबाट प्रचलित कानुन बमोजिम समाधान गर्ने प्रयास गरिनेछ ।

(९) कोष प्रबर्द्धकले कोष सुपरिवेक्षलाई संयुक्तरुपमा कोष सुपरिवेक्षकको रुपमा कार्य गरे वापत सामूहिक लगानी कोष नियमावली २०६७ (संशोधन सहित) को नियम २३ को अधीनमा रही हिमालयन म्युचुअल फण्ड अन्तर्गत संचालित योजनाको खुद सम्पत्ति मूल्यको वार्षिक ०.२ प्रतिशत वा रु.२०,००० प्रति बैठक मध्ये जुन कम हुने हुन्छ सोहि रकम सेवा शुल्क प्रदान गर्नेछ । उक्त शुल्कमा प्रचलित कानुन बमोजिम लाग्ने कर कट्टा गरिनेछ ।

(१०)यस सम्झौतापत्रमा उल्लेख भएका शर्तहरु नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृतीमा दुवै पक्षको आपसी समझदारीमा थपघट तथा संशोधन गर्न सकिनेछ ।

## ८ योजना सम्बन्धी जानकारीः

### ८.१ योजना सम्बन्धी विवरणः

| | | |
|---|---|---|
| क. | योजनाको नाम : | **हिमालयन ८०-२० (HIMALAYAN 80-20)** |
| ख. | योजनाको प्रकार : | बन्दमुखी (Close-ended) |
| ग. | योजनाको आकार : | रु. १,००,००,००,०००।- (रु.एक अर्व) |
| घ. | निष्काशन गर्न लागिएको इकाई संख्या : | १०,००,००,००० (दश करोड) |
| ङ. | प्रति इकाई मूल्य : | रु १०/- (अक्षरेपी दश मात्र) |
| च. | न्यूनतम विक्री हुनुपर्ने इकाई संख्या : | ५,००,००,००० (पाँच करोड) |
| छ. | अधिकतम सकारिने इकाई संख्या | १२,५०,००,००० (बाह्र करोड पचास लाख ) |
| ज. | योजनाको अवधि : | १० वर्ष |
| झ. | योजना परिपक्व हुने मिति/अवधि : | योजनाको इकाई बाँडफाँड गरेको मितिले १० वर्ष। |
| ञ. | सूचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था : | योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरिनेछ। |
| ट. | इकाई दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना : | हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवि मार्ग, ठमेल, काठमाण्डौं। |

### ८.२ योजनाको उद्देश्य :

यस योजनाको उद्देश्य देहाय बमोजिम रहेको छ।

क) इकाई बिक्रीबाट संकलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई उच्च प्रतिफल दिने।

ख) धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने।

ग) योजनाको खुद सम्पत्ति मूल्यको सीमाभित्र रही सामूहिक लगानी कोष निर्देशिकामा तोकिए बमोजिम सार्वजनिक निष्काशन गरिएका धितोपत्रको प्रत्याभूति (अन्डरराईट) गर्ने।

घ) योग्य संस्थागत लगानीकर्ताको रुपमा कार्य गर्ने।

### ८.३ योजनाले लगानी गर्ने क्षेत्र :

यस योजनाले सामूहिक लगानी कोष नियमावली, २०६७ नियम ३४ र ३६ मा भएको व्यवस्था बमोजिम देहाय बमोजिमको लगानीको सीमा पालना गर्नेछ।

नियम ३४ मा भएको व्यवस्था बमोजिम योजनाले गर्न सक्ने लगानीका क्षेत्रहरु निम्न बमोजिम हुनेछन् :

१. बोर्डमा दर्ता भएको धितोपत्र।

२. सार्वजनिक निष्काशन भएको धितोपत्र।

३. धितोपत्र बिनिमय बजारमा सूचीकृत संगठित संस्थाहरुको धितोपत्र।

४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पुर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी विल तथा मुद्रा बजारका अन्य साधनहरु।

५. बैंक निक्षेप।

६. मुद्रा बजार उपकरण।

७. बोर्डले तोकिदिएको अन्य क्षेत्र।

नियम ३६ मा भएको व्यवस्था बमोजिम योजनाले देहायको सीमाभित्र रही लगानी गर्नेछ :

(१) नियमावली एवं निर्देशिकाको अधिनमा रहि योजनाको रकम देहाय बमोजिमको सिमाभित्र रहि गरिनेछ।

(क) कुनै एक संगठित संस्थाको साधारण शेयरमा त्यस्तो संस्थाको कुल चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढि नहुने गरी , तर संगठित संस्थाको कूल साधारण शेयरमा योजनाको आकारको कम्तिमा बीस प्रतिशत लगानी योजना अवधिभर कायम राखिनेछ।

(ख) कुनै एक संगठित संस्थाले निष्काशन गरेको अग्राधिकार शेयर वा डिबेन्चरको बीस प्रतिशत भन्दा बढी नहुने गरी ।

(ग) कुनै एक संगठित संस्थाको धितोपत्रमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी,

(घ) अन्य सामुहिक लगानी कोष अन्तर्गतको योजनामा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी,

(ङ) बैंकको मुद्दती निक्षेपमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको १५ प्रतिशत भन्दा बढी नहुने गरी । तर, योजनाको निर्धारित अवधि समाप्त हुनुभन्दा बढीमा ६ महिना अगाडि देखि बैंकको मुद्दती निक्षेप राख्न यो व्यवस्थाले बाधा पर्ने छैन,

(च) मुद्रा बजार उपकरणमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी ।

(२) एउटा सामूहिक लगानी कोष अन्तर्गत संचालित अन्य योजनाको धितोपत्र वा सो कोषको कोष प्रबर्द्धक वा डिपोजिटरीले जारी गरेको धितोपत्रमा लगानी गर्न हुँदैन ।

(३) सामूहिक लगानी कोष नियमावली, २०६७ नियम ३६ बमोजिम योजनाको अवधि समाप्त हुनु भन्दा ६ महिना अगाडीदेखि इक्विटीमा गरिएका लगानी क्रमिकरुपमा घटाउदै अल्पकालीन मुद्दती र मुद्रा बजार उपकरणहरुमा लगानी बढाइने छ।

**द्रष्टव्यः** उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्यनजर गरी प्रतिफलको आधारमा एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रको लगानीमा सार्न सकिनेछ।

**विदेशमा लगानी गर्ने भए सो सम्बन्धी व्यवस्था** : यस योजनाको रकमलाई हाल विदेशमा लगानी गर्ने कुनै योजना नरहेको भएतापनि भविष्यमा उपलब्ध अवसरको अध्ययन गरी नियामक निकायबाट आवश्यक स्वीकृति लिई नियमावलीको व्यवस्था बमोजिम विदेशमा लगानी गर्न सकिनेछ।

## ८.४ योजनाको वित्तीय प्रक्षेपण सम्बन्धी विवरण :

**वासलात**

**(रकम रु. हजारमा)**

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० (संचालन) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | | | | | | |
| लगानी | ८२६,४०० | १,१८६,६४५ | १,२२५,८११ | १,३८९,५७२ | १,६३९,३९४ | १,६८४,०४३ | १,७७४,४९३ | १,८६९,२५५ | १,४९२,०३७ | - |
| बैंकमा मुद्दती | १५०,००० | १११,६१२ | १७९,९९७ | १९४,८०६ | १४६,५०५ | २४५,६७१ | २७०,२६२ | २८८,९६५ | २९८,४०८ | ३२६,५५६ |
| बैंकमा कल निक्षेप | १३९,७२७ | १,७१९ | १२,८९६ | ६७३ | १,९०६ | २२,०३० | ३१,६७६ | ३१,१६४ | ४०३,६२७ | १,८५०,४८४ |
| **जम्मा सम्पत्ति** | **१,११६,१२७** | **१,२९९,९७७** | **१,४१८,७०४** | **१,५८५,०५१** | **१,७८७,८०५** | **१,९५१,७४४** | **२,०७६,४३०** | **२,१८९,३८४** | **२,१९४,०७३** | **२,१७७,०४०** |
| | | | | | | | | | | |
| **पूँजी, कोष र दायित्व** | | | | | | | | | | |
| कुल कोष | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० |
| जगेडा तथा कोषहरु | ११६,१२७ | १९९,९७७ | २९८,७०४ | ४६५,०५१ | ६३७,८०५ | ८०१,७४४ | ९२६,४३० | ९८९,३८४ | ९९४,०७३ | १,१७७,०४० |
| अन्य दायित्व | - | - | - | - | - | - | - | - | - | - |
| लाभांश भुक्तानी | - | १००,००० | १२०,००० | १२०,००० | १५०,००० | १५०,००० | १५०,००० | २००,००० | २००,००० | - |
| **जम्मा पूँजी, कोष र दायित्व** | **१,११६,१२७** | **१,२९९,९७७** | **१,४१८,७०४** | **१,५८५,०५१** | **१,७८७,८०५** | **१,९५१,७४४** | **२,०७६,४३०** | **२,१८९,३८४** | **२,१९४,०७३** | **२,१७७,०४०** |

## नाफा नोक्सानको हिसाब

**(रकम रु.हजारमा)**

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० (संचालन) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **आय** | | | | | | | | | | |
| धितोपत्र बिक्रिमा लाभ/हानी | ३०,००० | ९३,२५२ | ३५,९९९ | १५९,२७३ | २२७,२५९ | २०९,२४६ | १९९,७७७ | ९९,४६२ | १४०,०५३ | १०१,६९८ |
| प्राप्त नभएको लाभ/हानी | ५६,४०० | ५३,०७२ | १३२,३५८ | ६९,८१८ | ३८,५०२ | ४०,०२८ | १४,९९१ | ९७,२२७ | – | – |
| नगत लाभांश | १७,६२५ | ३३,१४९ | ४२,६२९ | ५६,४९४ | ६५,९२७ | ६४,२०२ | ५८,०१६ | ५१,६२८ | ५१,३२६ | ३०,३१० |
| ब्याज आम्दानी (कल खातामा ब्याज बाहेक) | ३४,५०० | २५,६७१ | ३१,१९९ | २७,२७३ | २१,२४३ | ३१,११८ | ३४,४१३ | ४९,१२४ | ४७,७४५ | ८८,९३६ |
| ब्याज आम्दानी (कल खाता) | ४,८०० | २,००९ | १,८०० | १,२९९ | १,१७२ | ३,९३१ | ४,८६५ | ५,२०१ | ५,९६८ | २,३९३ |
| **जम्मा आय** | **१४३,३२५** | **२०७,१५३** | **२४३,९८५** | **३१४,१५७** | **३५४,१०३** | **३४८,५२५** | **३१२,०६२** | **३०२,६४२** | **२४५,०९२** | **२२३,३३६** |
| | | | | | | | | | | |
| **खर्च** | | | | | | | | | | |
| कोष व्यवस्थापन र डिपोजिटरी शुल्क | १८,८७६ | २०,३९० | २२,०९९ | २४,३३६ | २७,४५१ | ३०,२९३ | ३२,७२८ | ३४,७३४ | ३५,३०५ | ३५,२०१ |
| सुपर्यवेक्षण शुल्क | २,१३७ | २,४३९ | २,६४३ | २,९११ | ३,२८४ | ३,६२३ | ३,९१५ | ४,१५५ | ४,२२३ | ४,२११ |
| लेखापरीक्षकको शुल्क | १०० | ११० | १२१ | १३३ | १४६ | १६१ | १७७ | १९५ | २१४ | २३६ |
| सूचीकरण शुल्क (०.०७५%) | ८०० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० |
| योजना दर्ता शुल्क | १,००० | – | – | – | – | – | – | – | – | – |
| सूचना र विज्ञापन | २,००० | – | – | – | – | – | – | – | – | – |
| निष्काशन शुल्क | २,००० | – | – | – | – | – | – | – | – | – |
| अन्य खर्च | २८५ | ३१४ | ३४५ | ३७९ | ४१७ | ४५९ | ५०५ | ५५५ | ६११ | ६७२ |
| **जम्मा खर्च** | **२७,१९८** | **२३,३०२** | **२५,२५९** | **२७,८१०** | **३१,३४९** | **३४,५८६** | **३७,३७५** | **३९,६८९** | **४०,४०३** | **४०,३६९** |
| **खुद नाफा** | **११६,१२७** | **१८३,८५१** | **२१८,७२७** | **२८६,३४७** | **३२२,७५४** | **३१३,९३९** | **२७४,६८७** | **२६२,९५३** | **२०४,६८९** | **१८२,९६७** |
| नगत लाभांश | – | १००,००० | १२०,००० | १२०,००० | १५०,००० | १५०,००० | ५०,००० | २००,००० | २००,००० | – |
| **नाफ बाँडफाँड नभएको** | **११६,१२७** | **८३,८५१** | **९८,७२७** | **१६६,३४७** | **१७२,७५४** | **१६३,९३९** | **१२४,६८७** | **६२,९५३** | **४,६८९** | **१८२,९६७** |

## नगद प्रवाहको विवरण

**(रकम रु.हजारमा)**

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० (संचालन) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क) संचालनबाट नगद प्रवाह** | | | | | | | | | | |
| आम्दानीबाट नगद प्रवाह | ८६,९२५ | १५४,०८१ | १११,६२८ | २४४,३३८ | ३१५,६०१ | ३०८,४९७ | २९७,०७१ | २०५,४१५ | २४५,०९२ | २२३,३३६ |
| नगद भुक्तानि | (२७,१९८) | (२३,३०२) | (२५,२५९) | (२७,८१०) | (३१,३४९) | (३४,५८६) | (३७,३७५) | (३९,६८९) | (४०,४०३) | (४०,३६९) |
| **कार्यशील पूँजी अघिको नगद प्रवाह** | | | | | | | | | | |
| चालु सम्पत्तिमा परिवर्तन बृद्धि/(कमि) | – | – | – | – | – | – | – | – | – | – |
| चालु दायित्वहरूमा परिवर्तन बृद्धि/(कमि) | – | – | – | – | – | – | – | – | – | – |
| **संचालनबाट कुल नगद प्रवाह (क)** | **५९,७२७** | **१३०,७७९** | **८६,३६९** | **२१६,५२८** | **२८४,२५३** | **२७३,९११** | **२५९,६९६** | **१६५,७२६** | **२०४,६८९** | **१८२,९६७** |
| **ख)लगानीबाट नगद प्रवाह** | | | | | | | | | | |
| धितोपत्र लगानीमा परिवर्तन बृद्धि/(कमि) | (५५०,०००) | (३३७,४३२) | १०७,४४७ | (१२९,१०८) | (१८९,६९५) | १७,८३७ | (१८,११२) | १७५,२८३ | ३९१,६९६ | १,०३४,४७९ |
| अन्य लगानीमा परिवर्तन बृद्धि/(कमि) | (३७०,०००) | ६८,६४६ | (८२,६३९) | २०,३५६ | २६,६७५ | (१२१,६२४) | (८१,९३८) | (१९१,५२०) | (२३,९२२) | ४२९,४१० |
| **लगानीबाट कुल नगद प्रवाह (ख)** | (९२०,०००) | (२६८,७८७) | २४,८०८ | (१०८,७५२) | (१६३,०२०) | (१०३,७८७) | (१००,०५०) | (१६,२३८) | ३६७,७७४ | १,४६३,८८९ |
| **ग) वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | | | | | | | | | | |
| शेयर पूँजीमा परिवर्तन बृद्धि/(कमि) | १,०००,००० | – | – | – | – | – | – | – | – | – |
| लाभांश भुक्तानी | – | – | (१००,०००) | (१२०,०००) | (१२०,०००) | (१५०,०००) | (१५०,०००) | (१५०,०००) | (२००,०००) | (२००,०००) |
| **वित्तीय गतिविधिहरूबाट कुल नगद प्रवाह** | **१,०००,०००** | **–** | **(१००,०००)** | **(१२०,०००)** | **(१२०,०००)** | **(१५०,०००)** | **(१५०,०००)** | **(१५०,०००)** | **(२००,०००)** | **(२००,०००)** |
| | | | | | | | | | | |
| **घ) यस वर्षको लागि कुल नगद प्रवाह (क+ख+ग)** | **१३९,७२७** | **(१३८,००८)** | **११,१७८** | **(१२,२२४)** | **१,२३३** | **२०,१२४** | **९,६४६** | **(५१२)** | **३७२,४६३** | **१,४४६,८५६** |
| **ङ) वर्षको सुरुमा नगद र बैंक मौज्दात** | **–** | **१३९,७२७** | **१,७१९** | **१२,८९७** | **६७३** | **१,९०६** | **२२,०३०** | **३१,६७६** | **३१,१६४** | **४०३,६२७** |
| **च) वर्षको अन्त्यमा नगद र बैंक मौज्दात** | **१३९,७२७** | **१,७१९** | **१२,८९७** | **६७३** | **१,९०६** | **२२,०३०** | **३१,६७६** | **३१,१६४** | **४०३,६२७** | **१,८५०,४८४** |

## प्रति इकाई खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी

**(रु.हजारमा)**

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० (संचालन) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **आम्दानी** | | | | | | | | | | |
| धितोपत्रबाट पुँजीगत बृद्धि/ (कमि) | ८६,४०० | १४६,३२४ | १६८,३५७ | २२९,०९१ | २६५,७६० | २४९,२७४ | २१४,७६८ | १९६,६८९ | १४०,०५३ | १०१,६९८ |
| नगद लाभांश | १७,६२५ | ३३,१४९ | ४२,६२९ | ५६,४९४ | ६५,९२७ | ६४,२०२ | ५८,०१६ | ५१,६२८ | ५१,३२६ | ३०,३१० |
| ब्याज आम्दानी (कल खाता बाहेक) | ३४,५०० | २५,६७१ | ३१,१९९ | २७,२७३ | २१,२४३ | ३१,११८ | ३४,४१३ | ४९,१२४ | ४७,७४५ | ८८,९३६ |
| ब्याज आम्दानी (कल खाता) | ४,८०० | २,००९ | १,८०० | १,२९९ | १,१७२ | ३,९३१ | ४,८६५ | ५,२०१ | ५,९६८ | २,३९३ |
| **जम्मा आम्दानी** | **१४३,३२५** | **२०७,१५३** | **२४३,९८५** | **३१४,१५७** | **३५४,१०३** | **३४८,५२५** | **३१२,०६२** | **३०२,६४२** | **२४५,०९२** | **२२३,३३६** |
| | | | | | | | | | | |
| **खर्च** | | | | | | | | | | |
| लेखापरीक्षकको शुल्क | १०० | ११० | १२१ | १३३ | १४६ | १६१ | १७७ | १९५ | २१४ | २३६ |
| सूचीकरण शुल्क (०.०७५%) | ८०० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० |
| कोष दर्ता शुल्क | १,००० | - | - | - | - | - | - | - | - | - |
| सूचना र विज्ञापन | २,००० | - | - | - | - | - | - | - | - | - |
| निष्काशन शुल्क | २,००० | - | - | - | - | - | - | - | - | - |
| अन्य खर्चहरू | २८५ | ३१४ | ३४५ | ३७९ | ४१७ | ४५९ | ५०५ | ५५५ | ६११ | ६७२ |
| **शुल्क र शुल्कहरू अघि जम्मा खर्चहरू** | **६,१८५** | **४७४** | **५१६** | **५६२** | **६१४** | **६७०** | **७३२** | **८००** | **८७५** | **९५८** |
| | | | | | | | | | | |
| **शुल्क र अन्य चार्जहरु अघिको संचालन लाभ** | १३७,१४० | २०६,६८० | २४३,४७० | ३१३,५९४ | ३५३,४८९ | ३४७,८५५ | ३११,३३० | ३०१,८४२ | २४४,२१७ | २२२,३७८ |
| | | | | | | | | | | |
| कोष व्यवस्थापन र डिपोजिटरी शुल्क | १८,८७६ | २०,३९० | २२,०९९ | २४,३३६ | २७,४५१ | ३०,२९३ | ३२,७२८ | ३४,७३४ | ३५,३०५ | ३५,२०१ |
| सुपर्यवेक्षण शुल्क | २,१३७ | २,४३९ | २,६४३ | २,९११ | ३,२८४ | ३,६२३ | ३,९१५ | ४,१५५ | ४,२२३ | ४,२११ |
| **जम्मा शुल्क** | **२१,०१३** | **२२,८२९** | **२४,७४३** | **२७,२४७** | **३०,७३५** | **३३,९१६** | **३६,६४३** | **३८,८८९** | **३९,५२८** | **३९,४११** |
| | | | | | | | | | | |
| **शुल्क र चार्जहरु पछिको खुद लाभ** | **११६,१२७** | **१८३,८५१** | **२१८,७२७** | **२८६,३४७** | **३२२,७५४** | **३१३,९३९** | **२७४,६८७** | **२६२,९५३** | **२०४,६८९** | **१८२,९६७** |
| | | | | | | | | | | |
| लाभांश वितरण | - | १००,००० | १२०,००० | १२०,००० | १५०,००० | १५०,००० | १५०,००० | २००,००० | २००,००० | - |
| **वासलातमा सारिएको नाफा / (नोक्सान)** | **११६,१२७** | **८३,८५१** | **९८,७२७** | **१६६,३४७** | **१७२,७५४** | **१६३,९३९** | **१२४,६८७** | **६२,९५३** | **४,६८९** | **१८२,९६७** |
| | | | | | | | | | | |
| **कोषको कुल पूँजी (क)** | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० | १,०००,००० |
| | | | | | | | | | | |
| **जगेडा तथा कोषहरु** | | | | | | | | | | |
| प्राप्त लाभ | ३०,००० | ९३,२५२ | ३५,९९९ | १५९,२७३ | २२७,२५९ | २०९,२४६ | १९९,७७७ | ९९,४६२ | १४०,०५३ | १०१,६९८ |
| प्राप्त नभएको लाभ | ५६,४०० | ५३,०७२ | १३२,३५८ | ६९,८१८ | ३८,५०२ | ४०,०२८ | १४,९९१ | ९७,२२७ | - | - |
| **(ख) जम्मा जगेडा तथा कोषहरु** | **११६,१२७** | **१९९,९७७** | **२९८,७०४** | **४६५,०५१** | **६३७,८०५** | **८०१,७४४** | **९२६,४३०** | **९८९,३८४** | **९९४,०७३** | **१,१७७,०४०** |
| | | | | | | | | | | |
| **(ग) कोष व्यवस्थापन खर्च, सुपर्यवेक्षण शुल्क, निक्षेप शुल्क अघि खुद सम्पत्ति मूल्य** | १,१३७,१४० | १,२२२,८०६ | १,३२३,४४७ | १,४९२,२९८ | १,६६८,५४० | १,८३५,६६० | १,९६३,०७४ | २,०२८,२७२ | २,०३३,६०० | २,२१६,४५१ |
| | | | | | | | | | | |
| **(घ) बार्षिक कोष व्यवस्थापन शुल्क, निक्षेप शुल्क र कोष सुपर्यवेक्षक शुल्क** | २१,०१३ | २२,८२९ | २४,७४३ | २७,२४७ | ३०,७३५ | ३३,९१६ | ३६,६४३ | ३८,८८९ | ३९,५२८ | ३९,४११ |
| | | | | | | | | | | |
| **(ङ) खुद सम्पत्तिको मूल्य (क+ख)** | **१,११६,१२७** | **१,१९९,९७७** | **१,२९८,७०४** | **१,४६५,०५१** | **१,६३७,८०५** | **१,८०१,७४४** | **१,९२६,४३०** | **१,९८९,३८४** | **१,९९४,०७३** | **२,१७७,०४०** |
| (च) जारी गरिएको इकाई संख्या | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० | १००,००० |
| **(छ) लाभांश अघिको खुद सम्पत्ति मूल्य** | **११.१६** | **१३.००** | **१४.१९** | **१५.८५** | **१७.८८** | **१९.५२** | **२०.७६** | **२१.८९** | **२१.९४** | **२१.७७** |

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० (संचालन) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **(ज) लाभांश पछिको खुद सम्पत्ति मूल्य (च+छ)** | ११.१६ | १२.०० | १२.९९ | १४.६५ | १६.३८ | १८.०२ | १९.२६ | १९.८९ | १९.९४ | २१.७७ |
| **लगानीमा प्रतिफल (%)** | ११.६१% | १६.४७% | १८.२३% | २२.०५% | २२.०३% | १९.१७% | १५.२५% | १३.६५% | १०.२९% | ९.१८% |

**वित्तीय अनुपात गणना सम्बन्धी विवरण**

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रति इकाई खुद सम्पत्ति मूल्य | ११.१६ | १२.०० | १२.९९ | १४.६५ | १६.३८ | १८.०२ | १९.२६ | १९.८९ | १९.९४ | २१.७७ |
| लाभांश अघि प्रति इकाई खुद सम्पत्ति मूल्य | ११.१६ | १३.०० | १४.१९ | १५.८५ | १७.८८ | १९.५२ | २०.७६ | २१.८९ | २१.९४ | २१.७७ |
| लाभांश प्रतिशत | ०% | १०% | १२% | १२% | १५% | १५% | १५% | २०% | २०% | ०% |
| बार्षिक लगानी प्रतिफल (ROI) | ११.६१% | १६.४७% | १८.२३% | २२.०५% | २२.०३% | १९.१७% | १५.२५% | १३.६५% | १०.२९% | ९.१८% |
| सन्चित पूँजिगत लाभ | ११.६१% | ७.५१% | ८.२३% | १२.८१% | ११.७९% | १०.०१% | ६.९२% | ३.२७% | ०.२४% | ७२.३९% |
| सुरु लगानिमा प्राप्त बार्षिक प्रतिफल | ११.६१% | १७.५१% | २०.२३% | २४.८१% | २६.७९% | २५.०१% | २१.९२% | २३.२७% | २०.२४% | ७२.३९% |

**वित्तीय प्रक्षेपणका आधारहरु**

### क. योजनाको सम्पत्तीको बाँडफाँड

| विवरण | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | बर्ष ६ | बर्ष ७ | बर्ष ८ | बर्ष ९ | बर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थिर आय हुने क्षेत्र | १५% | १०% | १०% | १०% | १०% | १०% | १५% | १५% | १५% | ७% |
| डिबेन्चर तथा बन्डहरु | १५% | १०% | १०% | ५% | ५% | ५% | ७% | १५% | १५% | ५% |
| साधारण शेयरमा लगानी गर्न छुट्याइएको रकम | ६२% | ७७% | ७२% | ७८% | ८३% | ७४% | ६९% | ६१% | ६०% | ३४% |
| माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ८% | ३% | ८% | ७% | २% | ११% | ९% | ९% | १०% | ५४% |
| **जम्मा लगानी** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** | **१००%** |

नोटः

१. उल्लेखित लगानीको प्रतिशत सामुहिक लगानी कोष नियमावली तथा निर्देशिकामा तोकिए अनुसार उल्लेख गरिएको छ।

२. साधारण शेयरमा लगानीको अनुपात शेयर बजारको उतारचडाब अनुकुल घटीबढि गरिएको छ। साधारण शेयरमा लगानी गर्न छुट्याएको रकममध्ये २०% Active Mangement को रुपमा र बाकी ८०% Passive Management को रुपमा लगानी गर्ने अपेक्षा गरिएको छ।

३. बैंकको मुद्दती निक्षेपमा सामुहिक लगानी कोष नियमावली, २०६७ मा तोकिए अनुसार योजनाको अवधिभर १५ प्रतिशत भन्दा बढी नहुने गरी प्रक्षेपण गरिएको छ।

४. वण्ड तथा डिबेन्चरमा सामुहिक लगानी कोष नियमावली, २०६७ मा तोकिए अनुसार २० प्रतिशतसम्म लगानी गर्ने प्रक्षेपण गरिएको छ।

५. माग तथा अल्प सूचनामा लगानी हुने रकममा लगानी समयको अनुकुल र योजनाको समयावधि अनुसार घटीबढी गरिएको छ।

उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्यनजर गरी प्रतिफलको आधारमा एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रको लगानीमा सार्न सकिनेछ। यो योजनाले नियमित रुपमा बजारमा देखिएका लगानीको अनुकुलता अथवा प्रतिकुलताको आधारमा योजना अन्तर्गत बिभिन्न क्षेत्रमा भएको लगानीको अनुपातलाई फेरबदल गर्न सक्नेछ।

नोटः माथि उल्लेखित प्रक्षेपित विवरणहरु योजना व्यवस्थापक कम्पनी श्री हिमालयन क्यापिटल लिमिटेड, ठमेल, काठमाडौँले तयार गरेको हो। सोको पुनरावलोकन श्री एस. डि. एंड एसोसीएटसबाट भएको हो।

### ख. शुल्क तथा खर्चहरु (योजना निष्काशन तथा नियमित)

- योजना दर्ता शुल्क : योजनाको ०.१० प्रतिशत वा न्यूनतम १० लाख।
- सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण शूल्क : सिडिएस एण्ड क्लियरिङ्ग लि. समय समयमा तोके बमोजिम।
- लेखापरीक्षण शुल्क :रु.१ लाख मात्र।
- नियमित सूचना प्रकाशन शुल्क : प्रत्येक वर्ष रू. १ लाख २५ हजार देखि ३ लाख सम्म।
- कानुनी परामर्श शुल्क : कुनै कानूनी समस्या आईपरेको खण्डमा कानूनी सल्लाहको लागि खर्च वार्षिक रु.८०,०००

### ग. प्रक्षेपित प्रतिफल

| विवरण | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | बर्ष ६ | बर्ष ७ | बर्ष ८ | बर्ष ९ | बर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थिर आय हुने क्षेत्र / ब्याज आम्दानी (मुद्दती) | ११.५०% | ११.५०% | १०.५०% | १०.५०% | ९.५०% | ९.५०% | ९.५०% | ८.५०% | ८.५०% | ७.५०% |
| बन्ड तथा डिबेञ्चर | ११.००% | ११.००% | १०.००% | १०.००% | ९.००% | ९.००% | ९.००% | ८.००% | ८.००% | ८.००% |
| नगद लाभांश | २.८४% | ३.८६% | ४.९३% | ५.५८% | ५.४२% | ५.४२% | ५.३०% | ४.६७% | ४.३९% | ४.४७% |
| ब्याज आम्दानी तथा अल्प सुचनामा प्राप्त हुने रकम | ६.००% | ६.००% | ५.००% | ५.००% | ४.००% | ४.००% | ४.००% | ३.००% | ३.००% | ३.००% |
| धितोपत्र बाट प्राप्त भई सकेको आम्दानी | ४.८४% | १०.८५% | ४.१७% | १५.७२% | १५.७२% | १८.६९% | १७.२६% | १६.०७% | ११.७३% | १३.६३% |
| धितोपत्र बाट प्राप्त भई नसकेको आम्दानी | ९.१०% | ६.१८% | १५.३२% | ६.८९% | ६.८९% | ३.१७% | ३.३०% | १.२१% | - | - |

**प्रक्षेपणका आधारहरु :**

१. उल्लेखित लगानीको प्रतिशत सामुहिक लगानी कोष नियमावली तथा निर्देशिकामा तोकिए अनुसार उल्लेख गरिएको छ।

२. धितोपत्र कारोबार तथा लगानीबाट वार्षिक ११.७३ देखि २२.६२ प्रतिशत सम्म बार्षिक प्रतिफल प्राप्त हुने अनुमान गरिएको छ जुन नेप्सेको बिगत २० बर्षको बार्षिक चक्रीय वृद्धिदर (११.०२ प्रतिशत) र पछिल्लो (तिन बर्ष अवधिको) बुल अवधिको प्रतिफल (३३.४८ प्रतिशत) को बिचमा रहने अनुमान गरिएको छ।

३. स्थिर आम्दानी (बैंकको मुद्दती निक्षेप) हुने उपकरणहरुमा औसतमा ९.७ प्रतिशत प्रतिफल प्राप्त हुने अनुमान गरिएको छ जुन पछिल्लो एक बर्षमा बैंक तथा वित्तीय संस्थामा संस्थागत मुद्दती निक्षेपमा प्राप्त प्रतिफल (१०.३० प्रतिशत) भन्दा कम रहेको छ . हाल तरलतामा देखिएको संकुचनको कारण सुरुवाती वर्षहरुमा उच्च प्रतिफल प्राप्त हुने अनुमान गरिएको छ।

४. बन्ड तथा डिवेन्चरमा औसत ९.३ प्रतिशत प्रतिफल प्राप्त हुने अनुमान गरिएको छ जुन हाल बजारमा कारोबार भइरहेका बन्ड तथा डिवेन्चरको औसत कुपन रेट (१०.२० प्रतिशत) भन्दा कम रहेको छ।

५. वर्तमान आर्थिक परिवेशमा तरलतामा आएको संकुचनले गर्दा ब्याजदरमा निरन्तर दबाब पर्दै जाँदा अल्पकालमा माग गरिने रकमको माग बजारमा उच्च रहने र प्रतिफल पनि उच्च रहने प्रक्षेपण अनुसार कुल निक्षेपबाट दैनिक रुपमा कारोबार हुने बैंक खाता मार्फत बार्षिक औसत ४.३ प्रतिशत ब्याजदर प्राप्त हुने प्रक्षेपण गरिएको छ।

६. दोश्रो बजारमा गरिएको शेयर लगानीबाट औसतमा वार्षिक ३.२ देखि ६.२१ प्रतिशतसम्म नगद लाभांशमा प्रतिफल अपेक्षा गरिएको छ। यसमा सामुहिक लगानी कोष योजनाहरुबाट अपेक्षित बार्षिक न्युनतम १० प्रतिशत नगद लाभांश समावेश रहेको छ जुन हालसम्म परीपक्व भएका सामुहिक लगानी कोष योजनाहरुको औसत प्रतिफल १८.४४ प्रतिशत भन्दा कम रहेको छ ।

## ८.५ योजनाको खर्च सम्बन्धी विवरण :

योजनाको खर्च सम्बन्धी विवरण देहाय अनुसार रहेको छ :

**(क) योजना निष्काशनको लागि गरिने खर्च :** नियमावलीमा भएको व्यवस्था बमोजिम योजना दर्ता शुल्क ०.०७५ प्रतिशत वा न्यूनतम दश लाख, सूचना प्रकाशन शुल्क, अन्य निष्काशन तथा बिक्री प्रबन्धक शुल्क तथा इकाई बाँडफाँड शुल्क आदि हुनेछन्।

**(ख) योजनाको नियमित खर्च सम्बन्धी विवरण :**

- लेखा परिक्षण शुल्क, प्रचलित कानून बमोजिमको सूचना, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन शुल्क, वास्तविक आधारमा गरिनेछ।
- ईकाई दर्ता तथा रजिष्ट्रेशन शुल्क : प्रचलित कानुन बमोजिमको शुल्क।
- कोष सुपरिवेक्षण शुल्क : खुद सम्पत्ती मूल्य (NAV) को वार्षिक ०.२० प्रतिशत वा रु.२०,०००/- प्रति बैठक मध्ये जुन कम हुने हुन्छ।
- नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकरण शुल्क : नेपाल स्टक एक्सचेन्ज लि. तोके बमोजिम।
- सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचीकरण शुल्क : सिडिएस एण्ड क्लियरिङ्ग लि. समय समयमा तोके बमोजिम।
- ब्रोकर शुल्क : प्रचलित नियमानुसार तोके बमोजिम हुनेछ।
- डिपोजिटरी शुल्क : खुद सम्पति मुल्य (NAV) को वार्षिक ०.२० प्रतिशत।
- लगानी व्यवस्थापन शुल्क : खुद सम्पति मुल्य (NAV) बार्षिक १.५ प्रतिशत।

- सामूहिक लगानी कोष निर्देशिका, २०६९ (संशोधित) को दफा २१ बमोजिम उल्लेख भएका अन्य खर्चहरु।

बोर्डले तोकेको अवस्थामा बाहेक उपयुक्त शीर्षकका अतिरिक्त अन्य शीर्षकमा खर्च जनाइने छैन। खर्च जनाउनुपर्ने अवस्था आएमा बोर्डको पूर्व स्वीकृति लिईनेछ।

**८.६ योजनाको मुनाफा वितरणको लक्ष्य :** योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ। खुद मुनाफा मध्ये आवश्यकता अनुसार सञ्चित मुनाफा (Retained Earning) पुनःलगानी गरिनेछ।

### ८.७ लगानी तथा लाभांशका सम्बन्धमा लागु हुने कर सम्बन्धी व्यवस्था :

नेपाल सरकारले जारी गरेको आर्थिक अध्यादेश, २०७८ वमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सामुहिक लगानी कोषले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकममा कर छुट प्रदान गरेको छ। साथै योजनाले प्रतिफल वितरण गर्दा पाँच प्रतिशतका दरले अग्रिम करकट्टी गरेर मात्र वितरण गर्ने र करकट्टी गरेको रकम अन्तिम रुपमा करकट्टी हुने भुक्तानी मानिने व्यवस्था रहेको छ।

### ८.८ योजनाका ईकाइहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सोको प्रक्रिया :

योजनाको अवधि समाप्त भए पश्चात योजनाको सम्पत्ति विक्री गरी इकाईधनीहरुलाई समानुपातिक ढंगले वितरण गरिनेछ। यसका लागि सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ र नियम ३३ को व्यवस्था बमोजिम समयमा नै योजना खारेजीको प्रकृया अगाडी बढाइनेछ र सोको स्वीकृति पश्चात् तीन महिना भित्र योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी समानुपातिक रुपमा वितरण गरिनेछ। योजनाका सम्पत्तिहरु तीन महिना भित्रमा नगदमा परिणत गर्न नसकिएको अवस्थामा नियम ३३ को ब्यवस्था भएबमोजिम नेपाल धितोपत्र बोर्डले थप तिन महिनाको म्याद थप गरिदिन सक्नेछ। तथापि बजारमा सोही प्रकृतिका अन्य सामूहिक लगानी योजनाहरु समेत संचालनमा रहेको आवस्थामा यस लिमिटेडले संचालन गरेको सामूहिक लगानी योजनाहरुलाई Redeem गर्ने समयमा पूँजी बजार प्रतिकुल समेत हुनसक्ने अवस्थालाई मध्यनजर गरी योजनाको अवधि समाप्त हुनु भन्दा कम्तीमा १ बर्ष अगाडि देखिनै बजारको अवस्था हेरि क्रमिक रुपले योजनाको लगानीलाई तरलतामा परिणत गर्ने प्रकृया शुरु गरी सो बाट प्राप्त रकमलाई मुद्धति निक्षेपमा राख्दै जाने योजना रहेको छ।यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण गर्ने योजना रहेको छैन। इकाई धनीहरुको सहमति, कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृति/निर्देशनमा यस योजनालाई नयाँ योजनामा परिणत गर्न सकिनेछ। त्यस्तो अवस्था आएमा नयाँ योजनाको इकाई लिन नचाहने इकाईधनीहरुलाई नगद भुक्तानीको ब्यवस्था पनि गर्न सकिनेछ।

### ८.९ खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था :

**(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि :**

प्रति इकाई खूद सम्पत्ति मूल्य (Net Assets Value) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई संख्याले भाग गरी प्रति इकाई खूद सम्पत्ति मूल्य कायम गरिनेछ। खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु – तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु

प्रति इकाई खुद सम्पत्ति मूल्य =---------------------------------------------------------------------

मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कुल इकाई संख्या

**(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था :**

योजनाका इकाईहरु बाँडफाँड भएको एक महिना भित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ। त्यस पछि सामूहिक लगानी योजना सम्बन्धी नियमावली, २०६७ को व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ती मूल्य योजना व्यवस्थापकको वेभ साईट **www.himalayancapital.com** सार्वजनिक रुपमा जानकारी गराईनेछ। साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण त्रैमासिक रुपमा आफ्नो वेव साईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरिक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ। खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धमा सार्वजनिक गर्ने सम्बन्धमा अन्य व्यवस्था प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ।

## ८.१० योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा ः

### (क) सामान्य जोखिम तत्वहरु ः

(१) **सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा ः** सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।

(२) **धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा ः** योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) **कोष प्रबर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमाः** योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताव समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ ।योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजना को कार्य सम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रबर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।

(४) **कोष प्रबर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा ः** योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रबर्द्धकले लिंदैन ।

(५) **यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा ः** यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सु-व्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिनेकुराको सुनिश्चितता भने गर्दैन ।

### (ख) खास जोखिम तत्वहरु ः

(१) **प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बीमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा ः** यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य बृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (Retained Earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।

(२) **योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको संख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा ः** सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरिद विक्री गर्ने हुँदा सो को राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समयमा निर्भर हुन्छ । ढिलोगरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरिद विक्रीमा हुने ढिलाइले बजार जोखिम समेत आकर्षित हुन सक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने ब्याजदर र धितोपत्रको लगानी बीच विपरित सम्बन्ध (Inverse Relation) हुनेहुँदा सोको असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।

(३) **रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :** :केयर रेटिङ नेपाल लिमिटेड तथा इक्रा नेपाल लिमिटेडले गरेको रेटिङ्ग सम्बन्धि कार्य यस योजनाको लागि नभई कोष प्रबर्द्धक र योजना व्यवस्थापकको लागि भएकाले सो रेटिङ्ग कम्पनीले दिएको रायलेखुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता गर्दैन ।

(४) **ब्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :** योजनाको कुल रकममध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित ब्याजदर लाई आधार मानी गरिने हुँदा प्रचलित ब्याजदरमा हुने परिवर्तनले योजना अन्तर्गतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ ।

(५) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :**

योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँड गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोवारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नविकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।

(६) **इक्विटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :** योजनाले इक्विटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अन्तर्निहित रहेका हुन्छन् ।

(७) **ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्नेकुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :** योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहने हुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिम रहित हुँदैन ।

(८) **तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति विक्री गर्न योग्य वा सहज छ त्यति नै तरलता आउने बारे उल्लेख गर्ने :**

योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहने हुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।

(९) **ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रास्फुर्ती भएमा आदि बारे :** व्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतार चढावको असर व्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा व्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) **पुनःलगानी जोखिम यथावत रहने कारणमा व्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनलगानीमा प्रयोग हुने हुँदा पुनलगानी जोखिम बारे खुलाउने :** ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनलगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) **योजना अन्तर्गत लगानी गरिने विभिन्न प्रकारका धितोपत्रहरुले विभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :** योजनाले बिभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।

(१२) **योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिभ, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :** योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलव्ध भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१३) **योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तन बाट हुने जोखिम बारे उल्लेख गर्ने :** योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको

छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई लगानी गरिनेछ। त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ।

(१४)**योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सो को बोनश नपाउने बारे :** योजनाको कार्यसम्पादनको आधारमा योजना अन्तर्गतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ। योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले नगद लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ। तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन।

**(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा :**

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापनका लागि उपयुक्त उपायहरु जस्तै लगानीको आन्तरिक सीमा तोक्ने कार्य, दैनिक रुपमा लगानी गरिएका कम्पनी तथा धितोपत्रहरुको बिश्लेषण गर्ने कार्य, कर्मचारीहरुको अधिकारको बर्गिकरण गरिएको, उच्च व्यवस्थापनको लगानी तथा जोखिम व्यवस्थापन समितिको व्यवस्था साथै सो समितिको नियमित बैठकबाट जोखिम व्यवस्थापनका लागि सल्लाह र निर्देशन दिने र सोको जानकारी कोष सुपरिवेक्षक र संचालक समितिलाई दिने व्यवस्थाको अवलम्बन गरिनेछ।

(२) सबल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका लागि छुट्टै अनुसन्धान बिभाग खडा गरिएको छ र सो बिभागबाट दैनिक, साप्ताहिक, मासिक रुपमा प्राप्त तथ्यांकको आधारमा लगानी उपकरणहरुको बर्गिकरण गरेर लगानी गर्ने व्यवस्था तथा प्रकृयाको विकास गरिएको छ।

(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिनेछ। यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिनेछ।

(४) लगानी विश्लेषणका लागि अनुसन्धान विभाग रहेको छ जसमा आधारभूत बिश्लेषण प्रतिवेदन (Fundamental Analysis Report) र प्राविधिक विश्लेषण प्रतिवेदन (Technical Analysis Report) तयार गर्नको लागि व्यावसायिक विश्लेषकको व्यवस्था गरिएको छ।

(५) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ।

(६) लगानीमा जोखिम न्यूनिकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विश्लेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई दृष्टिगत गरी कम जोखिम तर राम्रो प्रतिफल हुनसक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र नियमावली तथा निर्देशिका तथा बोर्डबाट स्वीकृत विवरण पुस्तिकाको अधिनमा रही विविधीकरणको प्रक्रिया अबलम्बन गरिएको छ।

(७) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइनेछ।

(८) लगानी तथा जोखिम व्यवस्थापनका लागि सफ्टवेयरको उपयोग गरिएको छ जसमा बोर्डबाट स्वीकृत विवरण पुस्तिकाको लगानी सम्बन्धी विवरण राखिएको छ। साथै अनुसन्धान विभाग बाट प्राप्त लगानीको सिफारिसलाई Scheme Manager ले लगानीका लागि उठाएको लगानी टिप्पणी कार्यकारी प्रमुख सहितको लगानी तथा जोखिम व्यवस्थापन समितिबाट स्वीकृति लिएर डिलरको माध्यमबाट कारोबार गरिने व्यवस्था गरिएको छ।

(९) जोखिम व्यवस्थापन गर्न संस्थाले निम्न वमोजिमको आन्तिरिक कार्य प्रणाली विकास गरेको छ।

(क) सम्पूर्ण कार्य गर्ने एकाधिकार एकै जना कर्मचारीमा निहित हुने छैन र सम्पूर्ण कारोवार तथा कार्यमा तयार गर्ने र जाँच गर्ने प्रणाली लागु गरिने छ।

(ख) लगानी सम्बन्धी निर्णयहरु अनुसन्धान बिभाग, Scheme Manager, र लगानी तथा जोखिम व्यवस्थापन समिति गरी तीन तहमा विश्लेषण गरेर मात्र लगानी सम्बन्धी निर्णय गरिने छ।

(ग) कोषको रकमको उपयोग र लगानिहरुमा रहेको अन्तर्निहित जोखिमको सम्बन्धमा संचालक सहितको जोखिम व्यवस्थापन समितिमा जानकारी गराईनेछ र केहि सुझाव प्राप्त भए, उक्त सुझावलाई अवलम्वन गरिनेछ।

(घ) लगानी गरिने क्षेत्र तथा लगानी सीमा प्रत्येक महिनाको सुरुमा तय गरी उक्त सीमा सफ्टवेयरमा प्रविष्ट गरी राखिने छ र उक्त सीमा भन्दा बाहिरको वा बढी लगानीको कारोवार उक्त सफ्टवेयरले अस्वीकार गर्ने छ।

(ङ) सामुहिक लगानी कोषको सम्पूर्ण कार्यको स्वतन्त्र तवरले आन्तरिक लेखापरीक्षण गरी उक्त प्रतिवेदन आन्तरिक लेखापरीक्षण समिति समक्ष पेश गरिने छ र केहि सुझाव प्राप्त भए, उक्त सुझावलाई अवलम्वन गरिनेछ।

## ९. इकाई निष्काशन सम्बन्धी विवरण ः

### ९.१ इकाई विक्री खुल्ला गरिने मिति तथा अवधि ः

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको मितिले दुई महिना भित्र इकाईहरुको विक्री खुल्ला गरिनेछ। यस विवरणपत्र मार्फत निष्काशन गरिने इकाईहरुको लागि आवेदन दिन पाउने अवधि विक्री खुल्ला भएको मिति बाट कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ। तर विवरण पुस्तिकामा गरिएको व्यवस्था अनुसार ४ कार्य दिन भन्दा अगाडी इकाई खरिदको आवेदन लिने कार्य बन्द गरिने छैन।

### ९.२ निवेदन संकलन केन्द्र (विक्री केन्द्र) सम्बन्धी जानकारी ः

नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका २०७३ अनुसार नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र देशभरीका तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको अनलाइन सफ्टवेयर "मेरोशेयर" प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

### ९.३ निवेदन दिनसक्ने व्यक्ति तथा संस्थाहरु ः

नियमावली एवं निर्देशिकाको अधीनमा रही नेपाली नागरिक, गैर आवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुन बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चय कोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन्।

### ९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई सङ्ख्या ः

आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सोभन्दा माथि १० गुणांकमा अधिकतम १,००,००,००० (एक करोड) इकाई सम्म खरिदका लागि आवेदन दिन सक्नेछन्।

### ९.५ इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था ः

(१) योजनाको सम्पूर्ण इकाई विक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुल्ला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा विक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई विक्री बन्द गर्न सक्नेछ।

(२) बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरिद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ।

(३) यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आव्हान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरिद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ।

(४ इकाई बाँडफाँड गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सीमा सम्मको मात्र इकाई बाँडफाँड गरिनेछ। तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गरिनेछ।

(५) इकाईको बाँडफाँड सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिका बमोजिम हुनेछ।

(६) योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरी दोस्रो बजारमा कारोबारको व्यवस्था मिलाइनेछ।

### ९.६ निवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु ः

१. इकाईवालाले आफुले खरिद गरेको योजनाको इकाई प्राप्त गर्ने, योजनाको कार्य प्रगति सम्बन्धमा जानकारी प्राप्त गर्ने, योजनाले वितरण गरेको लाभांश प्राप्त गर्ने, योजनाको संचालन तथा खारेजी सम्बन्धमा आफ्नो मत राख्ने, योजना सम्बन्धमा आफ्ना गुनासा राख्ने जस्ता अधिकार प्राप्त गर्दछन भने योजनाले लगानी गरेका कम्पनीहरुको शेयरधनीले प्राप्त गर्ने अधिकार इकाईवाला लाई प्राप्त हुँदैन।

२. योजनाको निष्काशन सम्बन्धी विवरण पुस्तिका, योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य सम्बन्धित कागजातहरु योजना व्यवस्थापकको कार्यालयमा गई हेर्न सकिनेछ।

३. कुनै पनि नेपाली नागरिक, गैर आवासीय नेपाली तथा नेपाली संघ संस्थाले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने इकाई खरिद गर्नको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु वा तीनका कुनै पनि शाखा कार्यालयबाट दरखास्त दिन सक्नेछन् ।

४. दरखास्तवालाले इकाई खरिदका लागि दरखास्त दिँदा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त फारममा खुलाई ASBA सदस्यहरुले तोकेको ढाँचामा दरखास्त आवेदन दिनु पर्नेछ ।

(क) आवेदन फारममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नु पर्ने ।

(ख) आवेदन दिंदा इकाई जारी गर्ने योजनाको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने ।

(ग) आफ्नो बैंक खाता र हितग्राही खाता नम्बर सही/स्पष्ट उल्लेख गरिनुपर्ने ।

(घ) आवेदकले आफु स्वयंको हितग्राही खाता नम्बर उल्लेख गर्नुपर्ने ।

(ङ) आवेदन गरेको निस्सा/प्रमाण, सम्बन्धित संकलन केन्द्र (आश्वा सदस्य बैंक तथा वित्तीय संस्था) संग अनिवार्य लिनुपर्ने ।

(च) बैंक खाता रोक्का भए/नभएको यकिन गर्नुपर्ने ।

(छ) एक व्यक्ति वा संस्थाले आफूले खरिद गर्न चाहेको इकाईको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

(ज) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई इकाईको बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

५. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको इकाई बापतको रकम भुक्तानी नहुदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदकले बुझ्नु हुन ।

६. योजनाको इकाई खरिदका लागि आवेदन दिँदा आवेदन फाराममा आफुले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्टरुपमा भरी बुझाउनु पर्दछ । योजनाका इकाईहरु खरिद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम १ करोड इकाईसम्म खरिद गर्न सकिनेछ । आवेदन फारमसाथ आवेदन वापतको शत्प्रतिशत रकम भुक्तानी गर्नुपर्ने छ ।

७. नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तीय संस्था मध्ये आफ्नो खाता रहेको बैंक वित्तीय संस्थाबाट आस्वा (ASBA) प्रणाली अर्न्तगत मात्र आवेदन गर्न सकिनेछ । सहभागि बैंकहरुले रु. ५,००,०००/– वा सो भन्दा बढी दरखास्त दिने आवेदकको प्यान नं. रहेको तथा आवेदन वापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरी आर्जन नगरेको भनि उद्धघोषण गरेको यकिन गर्नुपर्नेछ ।

८. इकाई खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले आवेदन फारममा दस्तखत गरी तोकिएको सङ्कलन केन्द्रमा इकाई खरिदको लागि आवदेन बुझाउनुपर्नेछ । यसरी आवेदन फारममा दस्तखत नगरेको र तोकिएका सङ्कलन केन्द्र बाहेक अन्य स्थानहरुमा आवेदन फारम बुझाएको आवेदन फारमलाई रद्द गरिनेछ ।

९. लगानीकर्ताले इकाईमा लगानी गर्नु अघि यस विवरण पुस्तिकाको राम्ररी अध्ययन गर्नु पर्दछ ।

## १० इकाई धनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवाः

(क) आफुले खरिद गरेको योजनाको इकाई अभौतिक रुपमा प्राप्त हुनेछ ।

(ख) योजनाको लगानी नीति, उद्देश्य तथा वित्तीय अवस्था वारे जानकारी प्राप्त गर्ने ।

(ग) योजनाले वितरण गरेको लाभांश इकाई धनीहरुको बैंक खातामा प्राप्त गर्ने ।

(घ) योजना अन्तर्गतका आफ्ना नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह दोस्रो बजारमा बिक्री गर्न सकिने तथा दोस्रो बजारमा खरिद गरिएका इकाईहरु आफ्नो नाममा नामसारी गराउने ।

(ङ) योजना व्यवस्थापकको कार्य सम्पादन सम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने ।

(च) योजना संचालनका सम्बन्धमा कुनै गुनासा भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा नेपाल धितोपत्र बोर्डमा गुनासो राखी समाधान गराउने ।

(छ) योजनाको कार्य सम्पादन सँग सम्बन्धीत खुद सम्पत्ति मूल्य, लगानीको अवस्था तथा योजनाको वित्तीय विवरण सामूहिक लगानी कोष नियमावली, २०६७ ले व्यवस्था गरे बमोजिमको सावधिक रुपमा जानकारी प्राप्त गर्ने ।

(ज) योजना परिपक्व भएपश्चात योजनाको सम्पत्ति लाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानून बमोजिम इकाईधनीहरुको बैंक खातामा रकम पाउने।

**इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने सेवा**

(क) खरिद गरेको योजनाको इकाई आवेदकले उल्लेख गरेको निक्षेप खातामा अभौतिक रुपमा प्रदान गरिनेछ ।

## ११ गुनासो सुन्ने र समाधान गर्ने प्रकृया ः

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागी धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन् ।

**गुनासो सुन्ने अधिकारीको नामः**

निमेष प्रसाद अधिकारी,

इमेल ः info@himalayancapital.com,

फोन नं.०१-५३५८३४५

**निष्काशन बैंकहरु** ः

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (ASBA) बमोजिम आवेदन संकलन गरिने हुँदा यस निष्काशनमा कुनै निष्काशन बैंक तोकिएको छैन ।

## १२. योजना व्यवस्थापकको प्रतिबद्धता पत्र(ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः

Himalayan Capital
A wholly owned subsidiary of Himalayan Bank Limited

चलानी नं.एम.बि २४८/२०७९/०८०

मिति : २०७९/०९/०३

श्री नेपाल धितोपत्र बोर्ड,

खुमलटार, ललितपुर ।

**विषय : प्रतिबद्धता पत्र ।**

महाशय,

यस हिमालयन क्यापिटल लिमिटेडले हिमालयन म्युचअल फण्ड अन्तर्गत हिमालयन ८०-२० (Himalayan 80-20) को इकाई निष्काशन तथा बिक्री गर्ने प्रयोजनका लागि तयार गरेको विवरण पुस्तिकाका सम्बन्धमा यस कम्पनीको तर्फबाट देहाय अनुसारको प्रतिबद्धता पेश गर्दछु ।

१. इकाई बिक्री प्रस्ताव धितोपत्र ऐन, २०६३, सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष सम्बन्धी निर्देशिका, २०६९ बमोजिम अगाडि बढाईएका हुन् ।

२. योजना शुरु गर्न आवश्यक सबै कानूनी प्रावधान, सरकार तथा अन्य नियामक निकायबाट जारी निर्देशनहरुको पालना गरिएको छ ।

३. विवरण पुस्तिकामा खुलाईएका विवरणहरु सहभागीलाई प्रस्तावित नयाँ योजनामा लगानी गर्न सत्य तथा पर्याप्त रहेका छन् ।

भवदीय,

प्रमुख कार्यकारी अधिकृतः

नाम : परमेश्वर पन्त

दस्तखतः

हिमालयन क्यापिटल लिमिटेड काठमाडौं

PO Box: 4518, Tridevi Marga, Thamel

**१३. यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम तथा दस्तखतः**

| क्र.सं. | संचालकको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री सुनिल प्रसाद गोर्खाली | अध्यक्ष | |
| २. | श्री सतिश राज जोशी | सञ्चालक | |
| ३. | श्री शंकर जोशी | सञ्चालक | |
| ४. | श्री श्रीमान कार्की | सञ्चालक | |
| ५. | श्री अमृत कुमारी थापा मगर | सञ्चालक | |

## १४. लेखापरिक्षकद्धारा प्रक्षेपित बित्तिय विवरणको प्रमाणिकरण :


**S.D.& Associates**
**Chartered Accountants**

34- Ekta Marg, Anamnagar
P.O. Box No. 3762
Kathmandu, Nepal
info@sdnaca.com
www.sdnaca.com
+977- 01- 4492588


**Report on Examination of Prospective Financial Information**

**of**

**Himalayan 80-20.**

We have reviewed the projected financial statements including Net Assets Value (NAV) of the Scheme of Himalayan Capital Limited name as Himalayan 80-20 (closed ended mutual fund) for the 10 years from the scheme approval date in accordance with the Nepal Standard on Assurance Engagement 3400, " The Examination of Prospective Financial Information", issued by the Institute of Chartered Accountants of Nepal.

The preparation and presentation of the projection including the underlying assumptions to the prospective financial information is the responsibility of the management. Our responsibility is to examine the evidence supporting the assumptions and other information in the prospective financial information. Our responsibility does not include verification of projections. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared as one of the pre-requisites of Security Board of Nepal (SEBON) for approval of units of mutual fund. The projection has been prepared under applicable financial reporting framework for schemes of mutual fund using set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purposes other than that prescribed above.

We have carried out examination of the prospective financial information on a test basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projections.

Further in our opinion the projection is properly prepared on the basis of the assumptions to the Prospective Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

For S.D.& Associates
Chartered Accountants

Date: December 18, 2022
Place: Kathmandu, Nepal

CA Sanjeev Dhakal
Principal
Membership No. 'A' 1077
UDIN- 221218CA01077GUqM1